# अन्तरपार्टी निर्देशन - ३

नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको चौथो बैठक २०७१ मङ्सिर २२ देखि पुस १ गतेसम्म पार्टी केन्द्रीय कार्यालयमा आयोजना भयो। पार्टीको आन्तरिक जीवन तथा राष्ट्रिय राजनीतिमा महत्वपूर्ण प्रभाव पार्ने निर्णयहरू गर्दै सम्पन्न उक्त बैठकबाट स्थायी कमिटी र पोलिटब्युरोको निर्वाचन सर्वसम्मतिमा सम्पन्न भयो। केन्द्रीय कमिटीबाट प्राप्त जिम्मेवारीमाथि आधारित रहेर यसबीचमा स्थायी कमिटीले विभिन्न निर्णयहरू गरेको छ। केन्द्रीय कमिटीको चौथो बैठक र स्थायी कमिटीका विभिन्न मितिमा सम्पन्न दसवटा बैठकहरूबाट गरिएका मुख्य निर्णयहरूलाई जानकारी र कार्यान्वयनका लागि यो अन्तरपार्टी निर्देशनमार्फत् पार्टीपंक्तिमा सम्प्रेषित गरिएको छ।

## १. पछिल्लो राजनीतिक परिस्थिति, संविधान निर्माणमा उत्पन्न व्यवधान र पार्टी दृष्टिकोण

केन्द्रीय कमिटीको चौथो बैठकले संविधान निर्माणको पछिल्लो स्थितिको समीक्षा र पार्टीको भूमिका सम्बन्धमा गहन छलफल गर्दै महत्वपूर्ण निष्कर्ष निकालेको थियो। बैठकबाट पारित विशेष प्रस्तावमा भनिएको छ- 'संविधानसभा निर्वाचनका बेला सबै दलहरूले गरेको प्रतिबद्धता, जनतासमक्ष दलहरूले पटक-पटक गरेका वचनबद्धता तथा संविधानसभाले सर्वसम्मत ढङ्गले पारित गरेको कार्यतालिका बमोजिम नै २०७१ माघ ८ गतेभित्रै संविधान जारी गरिनुपर्छ।' यस मान्यतामा दृढ रहँदै बैठकले संविधान निर्माणमा भइरहेको ढिलाइ र दलहरूबीचको विवादका कारण



जनतामा बढ्दै गएको निराशा र अविश्वासप्रति चिन्ता व्यक्त गरेको थियो। विभिन्न रूपमा अतिवादी तत्वहरू सल्बलाउन लागिरहेको स्थितिप्रति गम्भीर बन्न र आफ्ना प्रतिबद्धताप्रति निष्ठावान रहन सबै दलहरूलाई ध्यानाकर्षण गरिएको थियो। विवादित बिषयमा सहमति खोज्न पार्टी अन्तिम समयसम्म पनि क्रियाशील रहने विश्वास दिलाउँदै निश्चित बिषयमा कुनै दल या संविधानसभा सदस्यको असहमति रहे पनि सहमतिबाट निर्माण गरिएको नेपालको अन्तरिम संविधान- २०६३ को व्यवस्था, संविधानसभा नियमावली तथा लोकतान्त्रिक विधिका आधारमा संविधान जारी गर्न वार्तालाई निष्कर्षमा पुऱ्याउन र संविधान निर्माणको प्रक्रिया अगाडि बढाउन बैठकले विशेष आग्रह गरेको थियो।

लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय र सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारसहितको अग्रगामी शासन व्यवस्था, दिगो शान्ति, सङ्घीयता र समावेशितासहितको राज्यप्रणाली तथा धर्मनिरपेक्षताजस्ता २०६२/६३ को परिवर्तनका मुख्य उपलब्धिप्रति हाम्रो पार्टी प्रतिबद्ध छ। सबै खाले जातीय/क्षेत्रीय सङ्कीर्णतालाई अस्वीकार गर्ने र सङ्घीय ढाँचा निर्माण गर्दा विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिका जनताबीच सामाजिक सद्भाव सुदृढ गर्न, राष्ट्रको अखण्डता र एकतालाई अझ बलियो बनाउन, सबैलाई समान अधिकार, समान अवसर, समान सम्मान र उत्तिकै सुरक्षाको प्रत्याभूति गर्न र पछाडि परेका/ पारिएका आदिवासी, जनजाति र सीमान्तकृत समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित गर्न बैठकले विशेष जोड दिएको थियो।

तर हाम्रो निरन्तरको प्रयासका बाबजुद २०७१ माघ ८ मा संविधान जारी गर्ने सङ्कल्प कार्यान्वयन हुन सकेन। उल्टै, माघ ५ गते राति संविधानसभामा एमाओवादी र उसको नेतृत्वको विपक्षी मोर्चाका सभासद्हरूबाट अत्यन्त अशोभनीय, मर्यादाहीन र अराजक आक्रमण भयो। लामो समयदेखिका वार्ता र प्रयासपछि पनि

संविधानका विवादित बिषयमा सहमति जुट्न नसकेपछि कार्यव्यवस्था परामर्श समितिको बैठकमा जानकारी गराएरै संविधानसभाका अध्यक्षबाट प्रश्नावली निर्माण गर्न समिति गठन गर्ने प्रक्रिया प्रारम्भ भएको थियो। तर प्रस्ताव प्रस्तुतिका लागि नाम आह्वान गर्नासाथ एनेकपा (माओवादी) का सभासदहरू सभाध्यक्षलाई लक्षित गर्दै आक्रमणमा उत्रिए। उनीहरुले नेकपा (एमाले) का अध्यक्ष एवम् संसदीय दलका नेतालाई ताकेरै माइक प्रहार गरे। वरिष्ठ नेता झलनाथ खनाल, उपाध्यक्ष विद्यादेवी भण्डारी, सभासद् ऋषिकेश पोखरेललगायत अन्य सभासद्हरू माथि समेत आक्रमण गरे। संविधानसभामा कार्यरत मर्यादापालकहरूमाथि साङ्घातिक कुटपिट भयो। बैठक स्थगित भइसकेपछि पनि संविधानसभा भवनका कुर्ची, डेस्क र माइकहरू ध्वस्त पारेर उद्दण्डता मच्चाइयो। धेरै अगाडिदेखि एमाओवादी नेताहरूले दिंदै आएको धम्की, फैलाइरहेको उत्तेजना र योजनाबद्ध गतिविधिको परिणामस्वरूप यो घटना घट्यो। उक्त परिस्थितिमाथि बिचार गर्न संविधानसभा भवनमै आकस्मिक ढङ्गले आयोजना गरिएको स्थायी कमिटीको बैठकले घटनाका सन्दर्भमा विशेष प्रस्ताव पारित गऱ्यो, जसमा उक्त घटनालाई 'संविधान निर्माणको नेपाली जनताको दशकौं पुरानो चाहना' र 'जनताको अभिमतबाट निर्वाचित सार्वभौमसत्तासम्पन्न संविधानसभा माथिकै आक्रमण'का रूपमा विश्लेषण गरिएको छ। उक्त घटनाले नवस्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र, लोकतान्त्रिक पद्धति र मानवीय मर्यादामाथि गम्भीर कुठाराघात गरेको छ। स्थायी कमिटीले विपक्षी मोर्चाबाट संविधानसभाभित्र प्रदर्शित यो असभ्य, अराजक, घृणित र हिंस्रक घटनाको घोर निन्दा र भर्त्सना गर्दै आक्रमणमा सङ्लग्न दोषीहरूलाई अविलम्ब कडा कारबाही गर्न र नोक्सानीको क्षतिपूर्ति सम्बन्धित व्यक्तिहरूबाट भराउन माग गर्ने निर्णय गऱ्यो। बैठकले संविधानसभा बैठकमा आउने क्रममा कमरेडहरू युवराज ज्ञवाली,



अष्टलक्ष्मी शाक्य तथा अमृतकुमार बोहरामाथि गरिएको अभद्र व्यवहार र राजविराज- ५, मदननगरस्थित नेकपा (एमाले) सप्तरी जिल्ला कार्यालयमा गरिएको आगजनीको पनि भर्त्सना गऱ्यो। नेकपा (एमाले) लगायतका दलहरूसँग दुई तिहाई भन्दा बढी सङ्ख्या हुँदाहुँदै पनि सहमतिकै लागि विगत एक बर्षदेखि हुँदै आएका प्रयाशहरू स्पष्ट छन् । संविधानसभा निर्वाचनमा नेकपा ( एमाले) लगायत लोकतान्त्रिक दलहरूले अगाडि सारेका सङ्घीयता सम्बन्धी मान्यताहरूको पक्षमा स्पष्ट जनादेश हुँदाहुँदै पनि सहमतिका लागि 'संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति'मा पटक-पटक समयावधि थप्न, संविधानसभाबाट बिषयलाई फेरि त्यही समितिमा फर्काउन तथा सहमतिका लागि उपयुक्त वातावरण निर्माण हुन्छ कि भन्ने अपेक्षाका साथ एनेकपा ( माओवादी) अध्यक्षलाई राजनीतिक समितिको संयोजकत्व सुम्पन एवम् संविधान निर्माणसँग प्रत्यक्ष सम्बन्ध नराख्ने कतिपय बिषयलाई बजेटमार्फत् संवोधन गर्न तयार भएको कुरालाई समेत स्मरण गरिएको छ। पार्टी मुलुकको राष्ट्रिय अखण्डता, सामाजिक सद्भाव र दीर्घकालीन हितमा प्रतिकूल प्रभाव पार्ने बिषयबाहेक बाँकीमा लचिलो बन्न तयार रहँदा रहँदै पनि एमाओवादी र उसको नेतृत्वको मोर्चा जुनकुनै मूल्यमा माघ ८ को समयसीमा विफल पार्ने, संविधानसभालाई प्रक्रियामा प्रवेश गर्न नदिने, जसरी पनि तराई-मधेसलाई पहाडबाट अलग गरेर मात्रै प्रदेश निर्माण गर्ने र पहिचानका नाममा जातीय विद्वेष फैलाउने अभिप्रायबाट पछाडि हट्न तयार नभएको बैठकले निचोड निकालेको थियो। संविधानसभाभित्रका मात्र होइन, बाहिरका संविधानसभा विरोधी समुहहरूसँग समेत मोर्चाबन्दी गर्ने र 'नेपाल बन्द' को नाममा मुलुकलाई नै बन्धक बनाउने प्रयाशले एमाओवादी नेतृत्वको मोर्चा संविधानसभालाई असफल बनाउन उद्यत् छ भन्ने स्पष्ट देखाएको बैठकको निष्कर्ष थियो। पार्टी संविधानसभाबाट संविधान निर्माणको

मुख्य राष्ट्रिय अभिभारामा समर्पित रहेको कुरामा जोड दिँदै संविधान निर्माणको विधिसम्मत् प्रक्रिया अविलम्ब अगाडि बढाउन, संविधानसभाभित्र रहेका सबै दल र स्वतन्त्र सभासद्हरूलाई इतिहासले सुम्पेको यो अभिभारा पूरा गर्न एकताबद्धभएर अगाडि बढ्न, नेपाली जनतालाई निराश नहुन एवं संविधान जारी हुने कुरामा विश्वस्त हुँदै सबै खाले अतिवादलाई अस्वीकार गर्न तथा संविधान निर्माणका लागि शान्तिपूर्ण जनदबाब सिर्जना गर्न अपिल गरेको थियो। जतिसुकै उत्तेजना फैलाउने र भिडन्त निम्त्याउने दुस्प्रयाश गरिए पनि पार्टी संयमतापूर्वक अगाडि बढ्ने र ध्वंश, अराजकता र गैरजिम्मेवार दिशामा अगाडि बढ्न खोजेका एमाओवादीलगायत दलहरूलाई आत्मघाती बाटोमा जानबाट रोक्ने प्रयाश जारी राख्ने अठोट पनि गरिएको थियो। माघ १५ मा बसेको स्थायी कमिटी बैठकले 'माघ ८ गतेभित्र संविधान जारी गर्ने संविधानसभाको सङ्कल्प र जनताको अपेक्षा एनेकपा (माओवादी) र उसको नेतृत्वको मोर्चाको अनुत्तरदायी व्यवहार र अवरोधका कारण पूरा हुन नसकेको' स्पष्ट पार्दै यस पृष्ठभूमिमा माघ ११ गते संविधानसभाबाट विवादित बिषयहरूमा प्रश्नावली तयार गर्न 'प्रस्ताव निर्माण समिति' गठन हुनुलाई सकारात्मक ठहर गर्दै यसबाट संविधान निर्माणको कामलाई सुनिश्चित बनाउन योगदान पुगेको ठहर' गरेको थियो। प्रश्नावली निर्माणको प्रक्रिया प्रारम्भ भए पनि संवादको माध्यमबाट सहमति खोज्ने प्रयाश जारी नै रहेको कुरामा पुनः जोड दिँदै एनेकपा (माओवादी) लगायतका विपक्षी दलहरूलाई बहिस्कार, विरोध र सडक आन्दोलनको बाटो छाडेर सहमतिको प्रक्रियामा फर्किन आह्वान गरिएको थियो।

*(यस सम्बन्धमा पार्टी केन्द्रीय कार्यालयबाट जारी गरिएका पुष २६ तथा माघ ६ गतेका प्रेस वक्तव्यहरू **परिशिष्ट (१)** मा सङ्लग्न गरिएका छन् ।)*



## २. स्थायी कमिटीको गठन

केन्द्रीय कमिटीको चौथो बैठकमा अध्यक्ष कमरेड केपी शर्मा ओलीले स्थायी कमिटी गठनको प्रस्ताव राख्नुभएको थियो। बैठकबाट सर्वसम्मतिद्वारा पारित उक्त प्रस्ताव तथा स्थायी कमिटीलाई पूर्णता दिन केन्द्रीय कमिटीबाट प्राप्त अख्तियारीलाई प्रयोग गर्दै स्थायी कमिटीको २०७१ पुस ११ गते सम्पन्न दोस्रो बैठकबाट थप भएको समेत गरी देहाय बमोजिमको २२ सदस्यीय स्थायी कमिटी गठन भएको छ :

१. केपी शर्मा ओली
२. झलनाथ खनाल
३. माधवकुमार नेपाल
४. वामदेव गौतम
५. विद्यादेवी भण्डारी
६. युवराज ज्ञवाली
७. अष्टलक्ष्मी शाक्य
८. भीमबहादुर रावल
९. ईश्वर पोखरेल
१०. विष्णुप्रसाद पौडेल
११. घनश्याम भूषाल
१२. प्रदीप ज्ञवाली
१३. पृथ्वी सुब्बा गुरूङ
१४. गोकर्ण बिष्ट
१५. भीमप्रसाद आचार्य
१६. योगेश भट्टराई
१७. मुकुन्द न्यौपाने
१८. शङ्कर पोखरेल
१९. सुरेन्द्र पाण्डे
२०. किरण गुरूङ
२१. छविलाल विश्वकर्मा
२२. सत्यनारायण मण्डल

केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड अमृतकुमार बोहरा स्थायी कमिटीका पदेन सदस्य हुनुहुन्छ भने लेखा परीक्षण आयोगका अध्यक्ष कमरेड डा. पुष्प कँडेल र केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष कमरेड सोमनाथ अधिकारी 'प्यासी' आमन्त्रित सदस्यका रूपमा बैठकमा सहभागी हुनुहुनेछ।

### ३. पोलिटब्युरोको निर्वाचन

केन्द्रीय कमिटीको चौथो बैठकले स्थायी कमिटीबाट अनुमोदित भई प्रस्तुत भएको पोलिटब्युरो गठनको प्रस्तावलाई सर्वसम्मतरूपमा पारित गरेको छ। केन्द्रीय कमिटीले गठन गरेको ४७ पूर्ण र १५ वैकल्पिक सहित ६२ सदस्यीय पोलिटब्युरो देहायबमोजिम छः

**पोलिटब्युरोका पूर्ण सदस्य कमरेडहरू**

१. केपी शर्मा ओली
२. झलनाथ खनाल
३. माधवकुमार नेपाल
४. वामदेव गौतम
५. विद्यादेवी भण्डारी
६. युवराज ज्ञवाली
७. अष्टलक्ष्मी शाक्य
८. भीमबहादुर रावल
९. ईश्वर पोखरेल
१०. विष्णुप्रसाद पौडेल
११. घनश्याम भूषाल
१२. प्रदीप ज्ञवाली
१३. पृथ्वी सुब्बा गुरूङ
१४. गोकर्ण बिष्ट
१५. भीमप्रसाद आचार्य
१६. योगेश भट्टराई
१७. मुकुन्द न्यौपाने
१८. शङ्कर पोखरेल
१९. सुरेन्द्र पाण्डे
२०. किरण गुरूङ
२१. छविलाल विश्वकर्मा
२२. सत्यनारायण मण्डल
२३. अग्नि खरेल
२४. अरूण नेपाल
२५. काशीनाथ अधिकारी
२६. गणेश तिमिल्सिना
२७. गङ्गालाल तुलाधर
२८. थममाया थापा मगर
२९. नागेन्द्र चौधरी
३०. प्रकाश ज्वाला
३१. प्रदिप नेपाल
३२. परशुराम मेघी गुरूङ
३३. पशुपति चौलागाईं
३४. बिन्दा पाण्डे
३५. बेदुराम भुसाल
३६. भानुभक्त ढकाल
३७. महेन्द्रबहादुर पाण्डे
३८. यामलाल कँडेल



३९. रघुजी पन्त
४०. राजेन्द्रप्रसाद पाण्डे
४१. राधा ज्ञवाली
४२. रामनाथ ढकाल
४३. रामप्रित पासवान
४४. लालबाबु पण्डित
४५.डा. विजय पौडेल
४६. विष्णु रिमाल
४७. श्रीमाया थकाली

**वैकल्पिक सदस्य कमरेडहरू**

१. कर्णबहादुर थापा
२. गोकुल घर्ती मगर
३. गोरखबहादुर बोगटी
४. गौरा प्रसाईं कोइराला
५. जगत विश्वकर्मा
६. जगन्नाथ खतिवडा
७. तुलबहादुर गुरूङ
८. दलबहादुर राना
९. डा. बंशीधर मिश्र
१०. भागवत विश्वासी नेपाली
११. युवराज कार्की
१२. योगनारायण यादव
१३. शत्रुघन महतो
१४. शेरधन राई
१५. सानुकुमार श्रेष्ठ

केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड अमृतकुमार बोहरा, लेखा परीक्षण आयोगका अध्यक्ष डा. पुष्प कँडेल र केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष सोमनाथ अधिकारी 'प्यासी' पोलिटब्युरोका पदेन सदस्य हुनुहुन्छ ।

### ४. केन्द्रीय कमिटीमा मनोनयन

केन्द्रीय कमिटीको बैठकले दिएको जिम्मेवारीका आधारमा स्थायी कमिटीको २०७१ फागुन १३ गते सम्पन्न सातौं बैठकले पार्टी विधानको धारा १४ (३) बमोजिम देहायका कमरेडहरूलाई केन्द्रीय कमिटीको पूर्णसदस्यमा मनोनयन गरेको छ :

१. केदार न्यौपाने
२. घनेन्द्र बस्नेत
३. देवराज घिमिरे
४. कृष्णगोपाल श्रेष्ठ
५. कल्याणी खड्का
६. प्रमेश हमाल
७. सुमन प्याकुरेल
८. हरि पराजुली
९. रामकुमार ज्ञवाली
१०. जया घिमिरे

त्यसरी नै उक्त बैठकले देहायका कमरेडहरूलाई केन्द्रीय कमिटीको बैकल्पिक सदस्यमा मनोनयन गरेको छः

१. खगेन्द्र चुँडाल
२. देवशङ्कर पौडेल
३. मानबहादुर जीसी
४. रूपनारायण श्रेष्ठ
५. झपटबहादुर रावल

स्थायी कमिटीले पार्टी विधानको धारा ६७ (४) को प्रावधान अन्तरगत रहेर देहायका कमरेडहरूलाई केन्द्रीय कमिटीमा मनोनयन गर्ने निर्णय गरेको छ :

पूर्ण सदस्य-
१. राधाकृष्ण मैनाली
२. डा. विजय सुब्बा



वैकल्पिक सदस्य
१. प्रल्हाद गिरी
२. डा. देउमान सम्बाहाम्फे
३. भास्कर काफ्ले

## ५. केन्द्रीय कमिटी सदस्यहरूको कार्यविभाजन

स्थायी कमिटीको नवौं बैठक (२०७१ चैत्र ८- ११) ले कार्यविभाजनका वैधानिक व्यवस्थामा आधारित हुँदै कार्यविभाजनको नीतिगत आधार तयार गर्ने र पार्टी कामका क्षेत्रहरूको पहिचान गर्ने काम गरेको छ। कार्यविभाजनका नीतिगत आधार र यसमाथि आधारित रहेर गरिएको कार्यविभाजनको समग्र विवरण देहाय बमोजिम रहेको छः

### (१) **कार्यविभाजनको नीतिगत आधार**

- मार्क्सवाद-लेनिनवाद र जनताको वहुदलीय जनवादहाम्रो क्रान्ति र निर्माणका साथै पार्टी निर्माणको समेत मार्गदर्शक सिद्धान्त हो। कार्यविभाजन पार्टी निर्माणको एउटा महत्वपूर्ण पक्ष हो। पार्टीको नवौं राष्ट्रिय महाधिवेशनले पारित गरेको राजनीतिक कार्यदिशालाई केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने नीतिगत आधारका रुपमा ग्रहण गर्नुपर्छ। अहिले हामी ऐतिहासिक जनआन्दोलन तथा जनक्रान्तिका उपलब्धिहरूलाई संवैधानिकरूपमा संस्थागत गर्ने र उत्पादन तथा निर्माणमा केन्द्रित हुने चरणमा आइपुगेका छौं। आगामी निर्वाचनमा पार्टीलाई बहुमतमा पुऱ्याउने र सरकारमा रहेर होस् वा प्रतिपक्षमा- उर्जा, पूर्वाधार, कृषि, पर्यटन, सेवा,

रेमिट्यान्सजस्ता स्रोत परिचालन, उत्पादन एवम् निर्माणका क्षेत्रमा केन्द्रित भएर 'सुखी जनता र समृद्ध राष्ट्र' निर्माण गर्नु हाम्रो पार्टीको वर्तमान उद्देश्य हो। सामन्तवादका अवशेषहरूलाई समाप्त तथा दलाल तथा नोकरशाही पूँजीवादको प्रभावलाई परास्त गर्दै राष्ट्रिय पूँजीको विकास गर्नु र उत्पादन एवम् वितरण प्रणालीलाई लोककल्याणकारी स्वरूप प्रदान गर्दै समाजवादका आधारहरू निर्माण गर्नु आजको राष्ट्रिय आवश्यकता हो।

- कम्युनिष्ट पार्टी सुव्यवस्थित ढङ्गले सञ्चालन हुने सुसङ्गठित संस्था हुनुपर्दछ। हामीले महाधिवेशनबाट पारित गरेको विधान र केन्द्रीय कमिटीबाट निर्माण गरिने नियमावली, निर्देशिका र निर्णयहरू नै पार्टी सञ्चालनका आधारहरू हुन्। कम्युनिष्ट पार्टी सामूहिक निर्णय र व्यक्तिगत उत्तरदायित्वका आधारमा संचालित हुन्छ। यसरी मात्र पार्टी सदस्यहरूलाई निर्णय प्रक्रियामा सहभागी बनाउन र निर्णय कार्यान्वयनलाई सुनिश्चित तुल्याउन सकिन्छ। कम्युनिष्ट पार्टीका प्रत्येक सदस्यलाई पार्टी कमिटी वा पार्टीले तोकेको सङ्गठनमा सङ्गठित हुने अधिकार हुन्छ र यो उसको कर्तव्य पनि हो।
- कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्दा सामान्यतः हरेकलाई एउटा स्वतन्त्र जिम्मेवारी निर्धारण गर्नु पर्दछ। यसो गर्दा सम्बन्धित पदाधिकारी/सदस्यले व्यक्तिगत उत्तरदायित्वका आधारमा सामूहिक नेतृत्व र संस्थागत निर्णयको कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्न र पार्टीले पनि निजको योग्यता, क्षमता र कार्यसम्पादनको वस्तुपरक मूल्याङ्कन गर्न सहज हुन्छ।
- यतिबेला हाम्रा सामु पहिलेदेखि तय गरिएका कार्यक्षेत्रका साथै पार्टी कामका नयाँ-नयाँ क्षेत्रहरू पनि उद्घाटित भएका छन्। तदनुरूप नै हामीले कार्यशक्ति निश्चित गर्नु र उनीहरूका लागि कार्यक्षेत्र निर्धारण गर्नु जरूरी छ। हामीले नवौं राष्ट्रिय महाधिवेशनबाट पार्टीको विधान संशोधन गरेका छौं। तदनुरूप केन्द्रीय कमिटीमा यस प्रकारको प्रतिनिधित्व र आकार निश्चित भएको छ। अभ्यास गरिदै आएका कार्यक्षेत्र र नयाँ प्रकट भएका कार्यक्षेत्रहरूलाई विश्लेषण गर्दा हामीले मूलतः निम्नानुसार ६ प्रकृतिका क्षेत्रमा पार्टीशक्ति विन्यास गर्न र तदनुरूप कार्यविभाजन गर्न जरूरी छ।



(२) **पार्टी कामका क्षेत्रहरू**

क) सङ्गठनात्मक काम : पार्टीको राजनीतिक कार्यदिशाको कार्यान्वयनका लागि आवश्यक पर्ने सङ्गठनात्मक संरचना निर्माण र सञ्चालन गर्ने बिषय सङ्गठनात्मक कामसँग सम्बन्धित छ। यस अन्तरगत पार्टी सङ्गठन, विभाग, मोर्चा सङ्गठन, जनसङ्गठन, सरोकारवाला सङ्गठनहरूको निर्माण र परिचालनजस्ता कामका क्षेत्रहरू पर्दछन्।

ख) सैद्धान्तिक तथा वैचारिक काम : पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद - लेनिनवाद र जनताको बहुदलीय जनवादका साथै पार्टीका घोषित एवम् निर्णित सिद्धान्त, कार्यक्रम र नीतिहरूका आधारमा पार्टी कार्यकर्ता तथा जनतालाई प्रशिक्षित गर्न पाठ्यपुस्तकहरू तयार गर्ने, प्रकाशन गर्ने, केन्द्रीय तहमा नियमित पार्टी स्कूल सञ्चालन गर्ने, स्थानीय तह, माध्यमिक तह र उच्च तहका लागि पाठ्य पुस्तकहरूको सूची तयार गर्ने र पाठ्यक्रम अद्यावधिक गर्नेजस्ता बिषयहरू यस अन्तर्गत पर्दछन्।

ग) प्रचार क्षेत्रको काम : आजको युगमा सूचना र संचारको धेरै ठूलो महत्व छ। पार्टीले सही विचार निर्माण गरेर वा ठीक निर्णय लिएर मात्र पुग्दैन, तिनलाई समयमै कार्यकर्ता एवम् जनताको बीचमा प्रभावकारी ढङ्गले पुऱ्याउन सक्नुपर्दछ। त्यसैगरी पार्टीका विरूद्ध नियोजित ढङ्गले गरिने प्रचारका सम्बन्धमा पनि आम जनतामा तथ्यपरक सूचना पुऱ्याउन सक्नुपर्दछ। यी सबै कामहरू प्रचार क्षेत्रसँग सम्बन्धित छन्।

घ) राज्य सञ्चालनको काम : संविधानसभा / व्यवस्थापिका-संसद, सरकार, स्थानीय निकाय र राज्य संचालनसँग सम्बन्धित अन्य बिषयहरू यस अन्तर्गत पर्दछन्। राज्य सञ्चालनका लागि जनता र राष्ट्रको पक्षमा अग्रगामी एवम् प्रगतिशील कार्यक्रमहरू तर्जुमा गर्ने, सरकारमा रहँदा तिनलाई कार्यान्वयन गर्ने र प्रतिपक्षमा रहँदा तिनको पक्षमा जनमत निर्माण गर्ने कामलाई आजको सन्दर्भमा व्यवस्थित ढङ्गले अगाडि बढाउनु पर्दछ।

ङ) उत्पादन तथा निर्माणको काम : आजको पार्टी निर्माण परम्परागत ढङ्गको सङ्गठन र सङ्घर्षका विधिहरूबाट मात्र हुनसक्तैन। सरकारमा रहेको अवस्था होस् वा प्रतिपक्षमा रहेको अवस्था, पार्टी शक्ति र आम जनतालाई राज्यको संविधान, कानून र नियमसङ्गत ढङ्गले पूर्वाधार निर्माण र उत्पादनका अनगिन्ती क्षेत्रमा सङ्गठित र परिचालित गर्नुपर्दछ। पार्टीलाई उत्पादनशील नेता, कार्यकर्ता, सदस्य र पार्टीको फराकिलो जनआधारलाई उत्पादन, निर्माण, सिर्जना र समृद्धिको अभियानका अगुवाको रूपमा स्थापित गर्नुपर्दछ। हाम्रो पार्टी 'सुखी जनता र समृद्ध राष्ट्र' निर्माणका लागि अगुवा र नमूनाको भूमिकामा प्रस्तुत हुनु पर्दछ। राजकीय, निजी, राजकीय तथा निजी



क्षेत्रको सहकार्य र सहकारी क्षेत्र जस्ता आर्थिक क्रियाकलापका विधाहरूमा पार्टीका नेता, कार्यकर्ता र सदस्यहरूलाई अगुवाको रूपमा स्थापित गर्नुपर्दछ।

च) विदेश सम्बन्धको काम : नेपाल, नेपाली जनता र नेकपा (एमाले) को हितमा अन्तराष्ट्रिय सम्बन्ध विस्तार गर्ने, संसारका विभिन्न मुलुकहरूमा रहेका प्रवासी नेपाली तथा गैर आवासीय नेपालीहरूका बीचमा जीवन्त सम्बन्ध विकसित गर्ने र उक्त सम्बन्धलाई नेपालको हितमा परिचालित गर्ने बिषय यस अन्तर्गत पर्दछन्।

### (३) कार्यविभाजनको वैधानिक व्यवस्था र आधारहरू

- विधानले अध्यक्षलाई समग्र पार्टी कामको नेतृत्व, महासचिवलाई समग्र सङ्गठनात्मक कामको नेतृत्व र पाँचजना सचिवहरूका लागि पार्टी सङ्गठन, मोर्चा सङ्गठन, प्रचार, केन्द्रीय सचिवालय र राजकीय क्षेत्रको जिम्मेवारी निर्धारण गरेको छ। विधानमा व्यवस्था गरिएका यी जिम्मेवारीहरूको सम्बन्धमा तदनुरूप नै कार्यान्वयन गर्नु पर्दछ।
- पाँचजना उपाध्यक्ष कमरेडहरूलाई पार्टी विधानले निर्धारण गरे वमोजिम अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने, अध्यक्षलाई सघाउने र पाँच विकास क्षेत्रका साथै प्रवास क्षेत्र अन्तरगत कार्यरत केन्द्रीय कमिटीका सदस्यहरूसँग सम्पर्क एवम् समन्वय गरी नेतृत्व प्रदान गर्ने जिम्मेवारी तय गर्नुपर्दछ। उपमहासचिवहरूले महासचिवलाई सघाउने, महासचिवको अनुपस्थितिमा कार्यवाहक महासचिवको जिम्मेवारी सम्हाल्ने र भूगोल, मोर्चा तथा विभागहरूको अनुगमन, संयोजन तथा नेतृत्व गर्ने जिम्मेवारी निर्धारण गर्नुपर्दछ। पदाधिकारी तथा

सदस्यहरूका लागि विधानले तोकेका अतिरिक्त पार्टी कामको आवश्यकताअनुसार कमिटीले थप जिम्मेवारी तोक्न सक्दछ ।

- कार्यविभाजन गर्दा भौगोलिक क्षेत्रको पार्टी कामलाई विशेष महत्व र प्राथमिकता दिनुपर्दछ। पार्टीका केन्द्रीय विभागहरू, मोर्चा सङ्गठन, जनसङ्गठन र सरोकारवाला सङ्गठनहरूको कामलाई यथोचित महत्व दिनुपर्दछ। सामान्यतः भौगोलिक क्षेत्रको कामका लागि ६०, विभागीय कामका लागि २० र मोर्चा सङ्गठन, जनसङ्गठन तथा सरोकारवाला सङ्गठनहरूका लागि २० प्रतिशत हुनेगरी केन्द्रीय कार्यशक्ति विन्यास गर्नुपर्दछ ।
- मन्त्री तथा सभासदको जिम्मेवारीमा रहनुभएका कमरेडहरूलाई दोहोरो कार्यबोझको कारणले गर्दा अञ्चल इन्चार्जको जिम्मेवारी सम्हाल्न कठिन हुन्छ। तसर्थ अञ्चल इन्चार्जको जिम्मेवारी तय गर्दा सम्बन्धित भूगोलका बारेमा जानकारी राख्ने र सङ्गठनात्मक क्षेत्रमा राम्रो दखल भएका पोलिटब्युरो सदस्यहरू (पूर्ण वा वैकल्पिक) लाई प्राथमिकता दिनुपर्दछ। सम्बन्धित भूगोलका बारेमा जानकारी राख्ने र सङ्गठनात्मक क्षेत्रमा राम्रो दखल भएका केन्द्रीय कमिटीका सदस्यहरू (पूर्ण वा वैकल्पिक) लाई अञ्चलको सह-इन्चार्जको जिम्मेवारी दिनु उचित हुन्छ ।
- केन्द्रीय सङ्गठन विभागमा केन्द्रीय कमिटीका सदस्यहरू मात्र रहने र अन्य विभागहरूको प्रमुखमा केन्द्रीय कमिटीका पदाधिकारी वा सदस्यमात्र प्रमुख रहने तर सदस्यहरू भने केन्द्रीय कमिटी मातहतबाट पनि राख्ने सकिने व्यवस्था गर्नु पर्दछ ।



**केन्द्रीय कमिटीका सदस्यहरूको कार्यविभाजन**

| क्र.सं | नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | केपी शर्मा ओली | पार्टीको प्रमुख नेतृत्व, प्रमुख - पार्टी स्कूल विभाग |
| | देवराज घिमिरे | अध्यक्षको सहयोगी |
| २. | झलनाथ खनाल | वरिष्ठ नेता |
| | प्रमेश हमाल | उपप्रमुख - नीति अनुसन्धान प्रतिष्ठान |
| ३. | माधवकुमार नेपाल | नेता |
| ४. | वामदेव गौतम | सम्पर्क, समन्वय एवम् नेतृत्व- मध्य पश्चिमाञ्चल, इञ्चार्ज - किसान फाँट |
| ५. | विद्यादेवी भण्डारी | सम्पर्क, समन्वय एवम् नेतृत्व- पूर्वाञ्चल, इञ्चार्ज - महिला फाँट |
| | थममाया थापा मगर | सह-इञ्चार्ज - महिला फाँट |
| | जया घिमिरे | सह-इञ्चार्ज - महिला फाँट |
| ६. | युवराज ज्ञवाली | सम्पर्क, समन्वय एवम् नेतृत्व - पश्चिमाञ्चल |
| ७. | अष्टलक्ष्मी शाक्य | सम्पर्क, समन्वय एवम् नेतृत्व - मध्यमाञ्चल |
| ८. | भीमबहादुर रावल | सम्पर्क, समन्वय एवम् नेतृत्व - सुदूर पश्चिमाञ्चल तथा प्रवास |
| ९. | ईश्वर पोखेल | समग्र सङ्गठनात्मक कामको नेतृत्व |

| | | |
|---|---|---|
| १०. | विष्णुप्रसाद पौडेल | भूगोल, मोर्चा तथा विभागहरूको अनुगमन, संयोजन तथा नेतृत्व |
| ११. | घनश्याम भुसाल | राज्य सञ्चालनसँग सम्बद्ध विभागहरूको अनुगमन, संयोजन तथा नेतृत्व |
| १२. | प्रदीप ज्ञवाली | सचिव - केन्द्रीय सचिवालय |
| | कृष्णगोपाल श्रेष्ठ | सचिव - केन्द्रीय कार्यालय |
| १३. | भीमप्रसाद आचार्य | प्रमुख - राजकीय मामिला |
| १४. | पृथ्वीसुब्बा गुरूङ | प्रमुख - सङ्गठन विभाग |
| | भानुभक्त ढकाल | उपप्रमुख - सङ्गठन विभाग |
| | ज्ञानबहादुर भुजेल | सचिव - सङ्गठन विभाग |
| १५. | गोकर्ण विष्ट | प्रमुख - मोर्चा सङ्गठन |
| १६. | योगेश भट्टराई | प्रमुख - प्रचार विभाग<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| | सूर्य थापा | उपप्रमुख - प्रचार विभाग<br>सह-इञ्चार्ज- सम्बद्ध सङ्गठनहरू<br>प्रमुख- पर्यटन प्रवर्द्धन विभाग<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| १७. | शङ्कर पोखरेल | उपप्रमुख - पार्टी स्कूल विभाग |
| | ईश्वरी रिजाल | सचिव - पार्टी स्कूल विभाग |
| १८. | विष्णु रिमाल | प्रमुख - आर्थिक विभाग,<br>इञ्चार्ज - ट्रेड युनियन फाँट |
| १९. | राजेन्द्रप्रसाद पाण्डे | प्रमुख - निर्वाचन विभाग |
| | भागवत विश्वासी नेपाली | उपप्रमुख - निर्वाचन विभाग |
| २०. | परशुराम मेघी गुरूङ | प्रमुख - संघीय मामिला विभाग |
| | सीता गिरी ओली | उपप्रमुख-संघीय मामिला विभाग |



| | | |
|---|---|---|
| २१. | मुकुन्द न्यौपाने | प्रमुख-उद्योग तथा वाणिज्य विभाग,<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| २२. | सुरेन्द्र पाण्डे | प्रमुख - अर्थ तथा योजना विभाग |
| २३. | अग्नि खरेल | प्रमुख- संविधानसभा/संसदीय विभाग |
| २४. | काशीनाथ अधिकारी | प्रमख - पुस्तकालय तथा अभिलेख विभाग |
| २५. | प्रदिप नेपाल | प्रमुख - जलश्रोत तथा उर्जा विभाग |
| २६. | नागेन्द्र चौधरी | प्रमुख - वन तथा वातावरण विभाग |
| २७. | डा. वंशीधर मिश्र | प्रमुख - विज्ञान तथा प्रविधि विभाग |
| २८. | ठाकुर गैरे | प्रमुख- कृषि तथा भूमिसुधार विभाग |
| २९. | गंगालाल तुलाधर | प्रमुख - शिक्षा तथा मानवस्रोत विभाग,<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| | सीता पौडेल | उपप्रमुख- शिक्षा तथा मानवस्रोत विभाग<br>सह-इन्चार्ज- सम्बद्ध सङ्गठनहरू |
| ३०. | तुलबहादुर गुरूङ | प्रमुख - राष्ट्रिय सुरक्षा विभाग |
| ३१. | ममता गिरी | प्रमुख- सामान्य प्रशासन विभाग |
| ३२. | डा. विजयकुमार पौडेल | प्रमुख - भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग |

| | | |
|---|---|---|
| ३३. | रघुजी पन्त | प्रमुख - न्याय तथा कानुन विभाग,<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू सङ्गठनहरू |
| | डा. देउमान सम्बाहाम्फे | उपप्रमुख- न्याय तथा कानुन विभाग<br>सह-इञ्चार्ज - सम्बध्द |
| ३४. | डा. विजय सुब्बा | प्रमुख - सामाजिक सेवा विभाग<br>इञ्चार्ज - मानव अधिकार तथा गैर सरकारी फाँट |
| | भगवती चौधरी | उपप्रमुख - सामाजिक सेवा विभाग<br>सह-इञ्चार्ज - मानव अधिकार तथा गैरसरकारी फाँट |
| ३५. | श्रीमाया थकाली | प्रमुख - सहरी विकास विभाग |
| ३६. | कर्णबहादुर थापा | प्रमुख - युवा तथा खेलकुद विभाग<br>इञ्चार्ज - खेलकुद सम्बद्ध सङ्गठनहरू |
| ३७. | खगेन्द्र राई | प्रमुख - संस्कृति विभाग<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| ३८. | पशुपति चौलागाई | प्रमुख - सहकारी तथा गरिबी निवारण विभाग<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| ३९. | किरण गुरूङ | प्रमुख- स्थानीय विकास विभाग,<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| ४०. | सुजिता शाक्य | प्रमुख - स्वास्थ्य तथा जनसंख्या विभाग<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |



| | | |
|---|---|---|
| | रचना खड्का | उपप्रमुख- स्वास्थ्य तथा जनसंख्या विभाग<br>सह-इञ्चार्ज-सम्बद्ध सङ्गठनहरू |
| ४१. | घनेन्द्र बस्नेत | प्रमुख - उपभोक्ता हित तथा सुशासन विभाग<br>इञ्चार्ज - सम्बद्ध सङ्गठनहरू |
| | गणेश पहाडी | उपप्रमुख - उपभोक्ता हित तथा सुशासन विभाग<br>सह-इञ्चार्ज-सम्बद्ध सङ्गठनहरू |
| ४२. | प्रकाश ज्वाला | प्रमुख - श्रम तथा रोजगार विभाग<br>इन्चार्ज- वैदेशिक रोजगार फाँट |
| | चुडामणी जंगली | उपप्रमुख - श्रम तथा रोजगार विभाग<br>सह-इन्चार्ज- वैदेशिक रोजगार फाँट |
| ४३. | शेरधन राई | इञ्चार्ज - युवा फाँट |
| | निरूदेवी पाल | सह-इन्चार्ज- युवा फाँट |
| ४४. | रविन्द्र अधिकारी | इञ्चार्ज - विद्यार्थी फाँट |
| ४५. | बोमबहादुर विश्वकर्मा | इञ्चार्ज - दलित समुदाय फाँट |
| ४६. | टंक कार्की | इञ्चार्ज - बुद्धिजीवी फाँट |
| | खगेन्द्र चुँडाल | सह-इञ्चार्ज - बुद्धिजीवी फाँट |
| ४७. | सत्यनारायण मण्डल | इञ्चार्ज - मधेसी समुदाय फाँट |
| | जगदीशप्रसाद कुसियैत | सह-इञ्चाज ि- मधेसी समुदाय फाँट |
| ४८. | शत्रुधन महतो | इञ्चार्ज - भूमिहीन सुकुम्बासी फाँट |
| ४९. | गोकुल घर्तिमगर | इञ्चार्ज - जनजाति फाँट |

| | | |
|---|---|---|
| ५०. | सिराज अहमद फारूखी | इञ्चार्ज- मुस्लिम समुदाय फाँट |
| | महमद महफुज अन्सारी | सह-इञ्चार्ज - मुस्लिम समुदाय फाँट |
| ५१. | हरिबहादुर राई | इञ्चार्ज - भूतपूर्व सैनिक तथा प्रहरी फाँट |
| ५२. | विश्वनाथ प्याकुरेल | इञ्चार्ज - पेशागत फाँट |
| | प्रेमल खनाल | सह-इञ्चार्ज - पेशागत फाँट |
| ५३. | बेदुराम भुसाल | इञ्चार्ज - प्रतिष्ठानहरू |
| | गोमा देवकोटा | सह-इञ्चार्ज - प्रतिष्ठानहरू |
| ५४. | राधाकृष्ण मैनाली | राजनीतिक दलहरूसँग सम्पर्क र समन्वय |
| **अञ्चल** | | |
| ५६. | हिक्मत कार्की | इञ्चार्ज - मेची |
| | डम्बरसिंह सम्बाहाम्फे | सह-इञ्चार्ज - मेची |
| ५७. | जीवन घिमिरे | इञ्चार्ज - कोशी |
| | डा.शिवमाया तुम्बाहाम्फे | सह-इञ्चार्ज - कोशी |
| ५८. | रामप्रित पासवान | इञ्चार्ज - सगरमाथा |
| | जगन्नाथ खतिवडा | सह-ईन्चाज- सगरमाथा |
| ५९. | योगनारायण यादव | इञ्चार्ज - जनकपुर |
| | लक्ष्मण पौडेल | सह-इञ्चार्ज - जनकपुर |
| ६०. | केदार न्यौपाने | इञ्चार्ज - नारायणी |
| | विरोध खतिवडा | सह-इञ्चार्ज - नारायणी |
| ६१. | अरूण नेपाल | इञ्चार्ज - वागमती |
| | शेरबहादुर तामाङ | सह-इञ्चार्ज- वागमती |
| ६२. | सानुकुमार श्रेष्ठ | इञ्चार्ज - राजधानी |
| | जीवनराम श्रेष्ठ | सह-इञ्चार्ज - -राजधानी |
| ६३. | जगत विश्वकर्मा | इञ्चार्ज - गण्डकी |
| | मायानाथ अधिकारी | सह-इञ्चार्ज- गण्डकी |
| ६४. | गणेश तिमिल्सिना | इञ्चार्ज - धौलागिरी |



| | | |
|---|---|---|
| | भुपेन्द्र थापा | सह-इञ्चार्ज - धौलागिरी |
| ६५. | रामनाथ ढकाल | इञ्चार्ज - लुम्बिनी |
| | बैजनाथ चौधरी थारू | सह-इञ्चार्ज- लुम्बिनी |
| ६६ | खेममान खड्का | इञ्चार्ज - राप्ती |
| | गुलाबजङ्ग शाह | सह-इञ्चार्ज - राप्ती |
| ६७ | यामलाल कँडेल | इञ्चार्ज - भेरी |
| | गौरा प्रसाइँ कोइराला | सह-इञ्चार्ज - भेरी |
| ६८ | गोरखबहादुर बोगटी | इञ्चार्ज - कर्णाली |
| | हंसबहादुर शाही | सह-इञ्चार्ज - कर्णाली |
| ६९ | महेश्वर पाठक | इञ्चार्ज - सेती |
| | गरिमा शाह | सह-इञ्चार्ज - सेती |
| ७० | रामकुमार ज्ञवाली | इञ्चार्ज - महाकाली |
| | बिक्रम शाही | सह-इञ्चार्ज - महाकाली |
| ७१ | छविलाल विश्वकर्मा | इञ्चार्ज - सम्पर्क समन्वय |
| | विजय गुरूङ | सह-इञ्चार्ज - सम्पर्क समन्वय |
| ७२ | विन्दा पाण्डे | इञ्चार्ज - प्रवास समन्वय |
| | युवराज कार्की | सह-इञ्चार्ज - प्रवास समन्वय |
| जिल्ला | | |
| ७३ | रविन कोइराला | इञ्चार्ज - झापा |
| ७४. | हिक्मत कार्की | इञ्चार्ज - इलाम |
| ७५. | डम्बरसिंह सम्बाहाम्फे | इञ्चार्ज - पाँचथर |
| ७६ | भास्कर काफ्ले | इञ्चार्ज - ताप्लेजुङ |
| ७७ | डा.शिवमाया तुम्बाहाम्फे | इञ्चार्ज - मोरङ |
| | रूपनारायण श्रेष्ठ | सह-इञ्चार्ज - मोरङ |
| ७८ | धर्मराज निरौला | इञ्चार्ज - सुनसरी |
| | तैयब हुसेन | सह-इञ्चार्ज - सुनसरी |
| ७९. | महिन लिम्बु | इञ्चार्ज - धनकुटा |
| ८०. | जयन्ती राई | इञ्चार्ज - तेह्रथुम |
| ८१. | जयन्ती राई | इञ्चार्ज - भोजपुर |

| | | |
|---|---|---|
| ८२. | राजेन्द्रकुमार राई | इञ्चार्ज - संखुवासभा |
| | | |
| ८३. | लीलानाथ श्रेष्ठ<br>रामरती राम | इञ्चार्ज - सिरहा<br>सह-इञ्चार्ज - सिरहा |
| ८४. | सुमन प्याकुरेल | इञ्चार्ज - सप्तरी |
| ८५. | वलदेव चौधरी | इञ्चार्ज - उदयपुर |
| ८६. | विशाल भट्टराई | इञ्चार्ज - खोटाङ |
| ८७. | यज्ञराज सुनुवार | इञ्चार्ज - ओखलढुङ्गा |
| ८८. | किशोर अधिकारी | इञ्चार्ज - सोलुखुम्बु |
| | | |
| ८९. | कमलादेवी महतो | इञ्चार्ज - सर्लाही |
| ९०. | योगनारायण यादव | इञ्चार्ज - महोत्तरी |
| ९१. | श्रीप्रसाद साह | इञ्चार्ज - धनुषा<br>इञ्चार्ज - खाडी क्षेत्र |
| ९२. | कमलजङ्ग राई दनुवार | इञ्चार्ज - सिन्धुली |
| | | |
| ९३. | खेमप्रसाद लोहनी | इञ्चार्ज - धादिङ |
| ९४. | खेमप्रसाद लोहनी | इञ्चार्ज - नुवाकोट |
| ९५. | माधव अर्याल | इञ्चार्ज - रसुवा |
| ९६. | ईश्वरी रिजाल | इञ्चार्ज - काभ्रेपलान्चोक |
| ९७. | शेरबहादुर तामाङ | इञ्चार्ज - सिन्धुपाल्चोक |
| ९८. | पार्वत गुरूङ | इञ्चार्ज - दोलखा |
| ९९. | देवशंकर पौडेल | इञ्चार्ज - रामेछाप |
| | | |
| १०० | सावित्रा भुसाल | इञ्चार्ज - काठमाडौं |
| | सुरेन्द्र मानन्धर | सह-इञ्चार्ज - काठमाडौं |
| १०१. | सुशीला नेपाल | इञ्चार्ज - ललितपुर |
| १०२. | सोम मिश्र | इञ्चार्ज - भक्तपुर |
| १०३. | बिना श्रेष्ठ | इञ्चार्ज - मजदूर विशेष |



| | | |
|---|---|---|
| १०४. | माधव ढुङ्गेल | इञ्चार्ज - विद्यार्थी विशेष |
| १०५. | डा. राजन भट्टराई | इञ्चार्ज- पेशागत बुद्धिजीवी विशेष |
| | | |
| १०६. | कृष्ण खनाल | इन्चार्ज - चितवन |
| १०७. | विरोध खतिवडा | इञ्चार्ज - मकवानपुर |
| १०८. | दिनेश राई | इञ्चार्ज - पर्सा |
| | प्रल्हाद गिरी | सह-इञ्चार्ज - पर्सा |
| १०९. | बलवीरप्रसाद चौधरी | इञ्चार्ज - बारा |
| ११०. | कल्याणी खड्का | इञ्चार्ज - रौतहट |
| | | |
| ११०. | पद्मा अर्याल | इञ्चार्ज - स्याङ्जा |
| | सीता सुन्दास | सह-इञ्चार्ज - स्याङ्जा |
| १११. | मानबहादुर जीसी | इञ्चार्ज - कास्की |
| ११२ | रामशरण बस्नेत | इञ्चार्ज - गोरखा |
| ११३. | प्रतापलाल श्रेष्ठ | इञ्चार्ज - तनहुँ |
| ११४. | मायानाथ अधिकारी | इञ्चार्ज - लमजुङ |
| ११५. | रामशरण बस्नेत | इञ्चार्ज - मनाङ |
| | | |
| ११६. | गणेश तिमिल्सिना | इञ्चार्ज - मुस्ताङ |
| ११७. | भुपेन्द्र थापा | इञ्चार्ज - म्याग्दी |
| ११८. | मनाकुमारी केसी | इञ्चार्ज - बागलुङ |
| ११९. | गोविन्दबहादुर नेपाली | इञ्चार्ज - पर्वत |
| | | |
| १२०. | रामनाथ ढकाल | इञ्चार्ज - गुल्मी |
| १२१ | नजिर मियाँ | इञ्चार्ज - अर्घाखाँची |
| १२२. | सोमप्रसाद पाण्डेय | इञ्चार्ज - पाल्पा |
| १२३ | खिमलाल भट्टराई | इञ्चार्ज - कपिलवस्तु |
| १२४. | लीला गिरी | इञ्चार्ज - रूपन्देही |
| | एकराज विश्वकर्मा | सह-इञ्चार्ज - रूपन्देही |

| | | |
|---|---|---|
| १२५. | तिलक महत | इञ्चार्ज - नवलपरासी |
| | | |
| १२६. | खेममान खड्का | इञ्चार्ज - प्यूठान |
| १२७. | शेरबहादुर केसी | इञ्चार्ज - रोल्पा |
| १२८. | शेरबहादुर केसी | इञ्चार्ज - रूकुम |
| १२९. | गुलाबजङ्ग शाह | इञ्चार्ज - सल्यान |
| १३०. | मेटमणी चौधरी | इञ्चार्ज - दाङ |
| | | |
| १३१. | लक्ष्मी पोखेल | इञ्चार्ज - दैलेख |
| १३२. | यामलाल कँडेल | इञ्चार्ज - सुर्खेत |
| १३३. | दिनेशचन्द्र यादव | इञ्चार्ज - बाँके |
| १३४. | राजबहादुर बुढा | इञ्चार्ज - बर्दिया |
| १३५. | भैरवसुन्दर श्रेष्ठ | इञ्चार्ज - जाजरकोट |
| | | |
| १३६. | गोरखबहादुर बोगटी | इञ्चार्ज - हुम्ला |
| १३७. | गोरखबहादुर बोगटी | इञ्चार्ज - जुम्ला |
| १३८. | हंसबहादुर शाही | इञ्चार्ज - डोल्पा |
| १३९. | मोहन बानियाँ | इञ्चार्ज - मुगु |
| १४०. | मोहन बानियाँ | इञ्चार्ज - कालिकोट |
| | | |
| १४१. | झपट रावल | इञ्चार्ज - कैलाली |
| १४२ | प्रेमबहादुर आले | इञ्चार्ज - डोटी |
| १४३. | प्रकाश शाह | इञ्चार्ज - अछाम |
| १४४. | भैरवबहादुर सिंह | इञ्चार्ज - बझाङ |
| १४५. | लालबहादुर थापा | इञ्चार्ज - बाजुरा |
| | | |
| १४६. | गणेशसिंह ठगुन्ना | इञ्चार्ज - दार्चुला |
| १४७. | पुरनसिंह दयाल | इञ्चार्ज - बैतडी |
| १४८. | निरा जैरू | इञ्चार्ज - डडेलधुरा |



| | | |
|---|---|---|
| १४९. | बिक्रम शाही | इञ्चार्ज - कञ्चनपुर |
| | | |
| १५०. | तिलबहादुर विश्वकर्मा | इञ्चार्ज - भारत |
| १५१. | रामकुमारी झाँक्री | इञ्चार्ज - युरोप |
| १५२. | युवराज कार्की | इञ्चार्ज - अमेरिका |
| १५३. | राजन राई | इञ्चार्ज-पूर्वी/दक्षिणपूर्वी एसिया |

हाल मन्त्री पद सम्हालिरहनु भएका कमरेडहरू महेन्द्रबहादुर पाण्डे, राधा ज्ञवाली, लालबाबु पण्डित, दलबहादुर राना र हरि पराजुलीका लागि पार्टीको कार्यकारी जिम्मेवारी तोकिएको छैन ।

यस कार्यविभाजनका आधारमा तत्काल आफ्नो कार्यक्षेत्रमा खटिएर पार्टीका राजनीतिक, सङ्गठनात्मक र विधानले तोकेका अन्य कामलाई अगाडि बढाउन सम्पूर्ण कमरेडहरूलाई निर्देशित गरिएको छ ।

### ६. महाधिवेशनयता भए-गरेका कामहरूका सम्बन्धमा

केन्द्रीय कमिटीको चौथो बैठकमा अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय राजनीतिका चुनौती र नयाँ संविधान निर्माणको अभिभारालाई सफलतापूर्वक बहन गर्न पार्टीको आन्तरिक एकतालाई अझ सुदृढ, व्यवस्थित र उन्नत बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । नेता माधवकुमार नेपाल, उपाध्यक्षहरु युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्य, सचिव भीमप्रसाद आचार्य र योगेश भट्टराई तथा केन्द्रीय सदस्य कर्णबहादुर थापालगायत कमरेडले बैठकसमक्ष प्रस्तुत गर्नुभएका बिषयलाई अध्यक्षले सकारात्मक रूपमा ग्रहण गर्दै संबोधन गर्नुभयो । पोलिटब्युरो तथा स्थायी कमिटी गठन नभएको

अवस्थामा केन्द्रीय कमिटीप्रति उत्तरदायी हुँदै गरिएका विभिन्न निर्णयहरूलाई बैठकले समीक्षा सहित अनुमोदन गरेको छ ।

**७. विधानका सम्बन्धमा**

केन्द्रीय कमिटीको चौथो बैठकले विधानको सम्बन्धमा उठेका विभिन्न बिषयहरूलाई अध्ययन गरी आवश्यक सुझाव दिन कमरेडद्वय उपाध्यक्ष भीमबहादुर रावल र महासचिव ईश्वर पोखरेललाई जिम्मेवारी प्रदान गरेको थियो । बैठकबाट प्राप्त जिम्मेवारी बहन गर्दै कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई केन्द्रीय कमिटीले सर्वसम्मत ढङ्गले अनुमोदन गरेको छ । कार्यदलको उक्त प्रतिवेदन ***परिशिष्ट २*** मा सामेल गरिएको छ ।

**८. पार्टीको आवधिक कार्ययोजना**

केन्द्रीय कमिटीको चौथो बैठकले पार्टीको समग्र कामलाई व्यवस्थित गर्न बार्षिक कार्ययोजना तर्जुमा गरेको छ । कार्ययोजनाका कतिपय बिषयहरू कार्यान्वयन भइसकेका छन् भने केही कार्यान्वयन हुने क्रममा छन् । देहायको कार्ययोजनालाई आ-आफ्नो कार्यक्षेत्रमा सिर्जनात्मक ढङ्गले लागू गर्नु हुन कमरेडहरूलाई निर्देशित गरिएको छ ।

## पार्टीको आवधिक कार्ययोजना

पार्टी काम स्वतःस्फूर्त ढङ्गले अघि बढ्न सक्दैन । योजनाबद्ध र आवधिक कार्ययोजनाको आधारमा अघि बढेर मात्र राष्ट्रिय महाधिवेशनको राजनीतिक कार्यदिशाको कार्यान्वयन संभव हुन्छ । यही मान्यताको आधारमा २०७२ चैत्रसम्मका लागि निम्नानुसारको कार्ययोजना प्रस्ताव गरिएको छ । पार्टी केन्द्रले तर्जुमा गरेको यही



कार्ययोजनालाई आधार बनाएर मातहत कमिटी तथा पार्टी सम्बद्ध जनसङ्गठनहरूलाई पनि कार्ययोजना निर्माण गर्न, समग्र कामलाई त्यही योजनाका आधारमा अगाडि बढाउन तथा कमिटीको मूल्याङ्कनको आधार पनि कार्ययोजना कार्यान्वयनलाई बनाउन निर्देशित गरिएको छ :

१) **केन्द्रीय कार्यालय**

- पार्टीको नवौं महाधिवेशनपूर्व गरिएको निर्णय समेतका आधारमा आगामी ५० बर्ष सम्मको आवश्यकता पूरा हुने गरी पार्टी केन्द्रीय कार्यालयको व्यवस्थापन गर्ने । उपयुक्त स्थानमा नयाँ कार्यालय भवन निर्माण गर्ने र वर्तमान कार्यालयलाई स्थानान्तरण गर्ने ।
- केन्द्रीय कार्यालयको सङ्गठनात्मक संरचना अद्यावधिक गर्ने । 'ओ एण्ड एम' सर्भेको आधारमा दरबन्दी सिर्जना गर्ने, आवश्यक सङ्ख्यामा योग्यतम जनशक्ति भर्ना गर्ने र आवश्यक नभएको जनशक्तिलाई बिदाइ गर्ने । कार्यालयको जनशक्तिलाई दक्ष र कार्यकुशल बनाउन नियमित पुनर्ताजगी र आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने ।
- केन्द्रीय कार्यालयलाई कार्यसम्पादनका लागि अनुकूल बनाउन अत्यावश्यक भौतिक सामाग्री जुटाउने । सबै विभागहरूका लागि कार्यकक्षको व्यवस्था गर्ने ।
- केन्द्र र स्थानीय पार्टी कार्यालयबीच नेटवर्किङको व्यवस्था गर्ने । आवश्यक सूचना-प्रविधिको प्रयोग गर्दै नियमित रिपोर्टिङ, ब्रिफिङ र भइरहेका गतिविधिहरूबारे केन्द्रीय कार्यालय अद्यावधिक हुने सुनिश्चित गर्ने । स्थानीय पार्टी कार्यालयहरूलाई थप व्यवस्थित गर्ने ।

- सबै केन्द्रीय सदस्य कमरेडहरूका कामको व्यवस्थित सूचना र अभिलेख अद्यावधिक राख्ने प्रबन्ध गर्ने ।
- कार्यालय परिसरमा सुव्यवस्थित क्यान्टिनको व्यवस्था गर्ने ।

२) **सङ्गठनात्मक क्षेत्र** :

- केन्द्रीय कमिटीमा सदस्यहरू मनोनयन गर्ने । केन्द्रीय कमिटीका सदस्यहरूको कार्यविभाजन गर्ने । केन्द्रीय सल्लाहकार परिषद्, जेष्ठ कम्युनिष्ट मञ्च, केन्द्रीय विभाग र अञ्चल समन्वय कमिटीहरूको गठन गर्ने ।
- २०७२ सालभित्र राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यहरूको निर्वाचन सम्पन्न गरी प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने ।
- नवौं महाधिवेशनले पारित गरेको पार्टी सदस्यता, सङ्गठनात्मक संरचना, निर्वाचन विधिलगायतका सङ्गठनात्मक बिषयहरूमा समग्र पार्टी पङ्क्तिलाई स्पष्ट पार्न अञ्चल, जिल्ला, इलाका/नगर र शाखा तहमा अन्तरक्रियात्मक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- पार्टीको नियमावली तयार गरी केन्द्रीय कमिटीबाट पारित गर्ने । आवश्यकता अनुसारका विनियम तथा निर्देशिकाहरू तयार गरी लागू गर्ने ।
- सदस्यता प्रदान, नवीकरण र अभिलेख राख्ने सम्बन्धमा व्यवस्थित विधि विकसित गर्ने । पार्टी सदस्यता विस्तार गरी दसौं महाधिवेशनसम्म ५ लाख सदस्य पुऱ्याउने । त्यस क्रममा पार्टी सदस्यहरूको गुणस्तर सुनिश्चित गर्ने । पार्टी सदस्यता र सङ्गठनात्मक अभिलेखका लागि प्रणाली



विकसित गर्न सङ्गठनात्मक क्षेत्रका अगुवा कार्यकर्ताहरूको सहभागितामा कार्यशाला आयोजना गरी प्रस्ताव तयार गर्ने । त्यस प्रस्तावलाई केन्द्रीय कमिटीमा प्रस्तुत एवम् पारित गर्ने र कार्यान्वयन गर्ने ।

- सबै तहका म्याद पुगेका पार्टी कमिटीहरूको अधिवेशन सम्पन्न गर्ने । विभिन्न कारणले पदाधिकारी रिक्त हुन पुगेका जिल्लाहरूमा प्रतिनिधि परिषद्को बैठकबाट पदपूर्ति गर्ने ।
- केन्द्रदेखि प्रारम्भिक तहसम्मका पार्टी कमिटी तथा पूर्व पार्टी कमिटीहरूलाई नियमित र गतिशील तुल्याउने ।
- स्थानीय कमिटीका पदाधिकारी एवम् सदस्यहरूको क्षमता अभिवृद्धिका लागि प्रशिक्षणलगायत विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
- सकारण सङ्गठित गर्न नमिल्ने बाहेक सबै पार्टी सदस्यहरूलाई पार्टीका कुनै न कुनै निकाय, विभाग, कमिटी वा जनसङ्गठनमा सङ्गठित गर्ने ।
- पार्टीसम्बद्ध जनसङ्गठनहरूको काममा समन्वय गर्न विधानबमोजिम मोर्चा सङ्गठन गठन गर्ने । जनसङ्गठनहरूलाई पार्टी नीति र सम्बन्धित सङ्गठनको विधान वमोजिम प्रभावकारी रूपमा सञ्चालन गर्ने । सबै जनसङ्गठनका म्याद पुगेका सबै तहमा अधिवेशन / सम्मेलन सम्पन्न गर्ने ।
- सबै जनसङ्गठनहरूले सदस्यता विस्तार लगायतका बिषयहरूमा बार्षिक योजना निर्माण गर्ने । बार्षिक लक्ष्य निर्धारण गरेर सदस्यता विस्तार अभियान चलाउने ।

- पार्टीका केन्द्र, अञ्चल, जिल्ला, निर्वाचन क्षेत्र र शाखा तहका कमिटीहरू र जनसङ्गठनहरूको केन्द्रमा अन्तरविरोध व्यवस्थापन गर्न र कामका समस्या पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउन विशेष प्रकृतिको बैठक आयोजना गर्ने र त्यसले निकालेका निष्कर्षको आधारमा समस्या समाधानका लागि ठोस योजना बनाई कार्यान्वयन गर्ने ।

- पार्टी तथा जनसङ्गठनहरूमा माथिल्लो कमिटीबाट तल्लो कमिटी र सदस्यहरू मार्फ निर्देशन पठाउने र तल्लो कमिटीबाट माथिल्लो कमिटीमा प्रतिवेदन प्रस्तुत गर्ने प्रणालीलाई नियमित र व्यवस्थित गर्न कार्यशाला आयोजना गर्ने । कार्यशालाको सिफारिसका आधारमा प्रतिवेदनमा समावेश गर्नुपर्ने बिषय र ढाँचा निश्चित गर्ने । पार्टी केन्द्रीय कमिटीको बैठकको ठीक अगाडि केन्द्रीय सचिवालयले सबै विभाग तथा अञ्चल समन्वय कमिटीका प्रमुख/इन्चार्जहरूका अलग-अलग बैठक बसी समग्र विभाग तथा अञ्चलहरूका कामको जानकारी प्राप्त गर्ने र पार्टी कामको समग्र स्थितिको संश्लेषित प्रतिवेदन केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

- पार्टी केन्द्रीय कमिटीदेखि जिल्ला कमिटी सदस्यसम्मको आवधिक मूल्याङ्कन गर्न अभिलेख प्रणाली स्थापित गर्ने । सम्बन्धित कमिटीमा व्यक्तिगत मूल्याङ्कन फाइल राख्ने व्यवस्था गर्ने । यसका लागि कार्यशाला आयोजना गर्ने, मूल्याङ्कन प्रणाली विकसित गर्ने र कार्यान्वयन गर्ने । यी सबै कार्यका लागि पारदर्शी विधि अपनाउने ।



- पार्टी प्रवेश र 'घर फर्क अभियान' को व्यवस्थित र योजनाबद्ध पहल गर्ने र कार्यान्वयन गर्ने ।

- पार्टी परिचालन तथा विशेष अभियानको योजना बनाउने । यसका लागि उपयुक्त समय छनोट गरी विशेष अभियान सञ्चालन गर्ने ।
- आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणको योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने । सिङ्गो पार्टी पङ्क्तिलाई तदनुरूप परिचालन गर्ने ।

### ३) पार्टी स्कूल/प्रशिक्षण

- पार्टीको जिल्ला कमिटीदेखि प्रारम्भिक कमिटीसम्म पार्टीका आधारभूत सिद्धान्त, प्रस्थापना र नीतिहरू तथा महाधिवेशनले पारित गरेको कार्यदिशाअनुरूप प्रशिक्षण सञ्चालन गर्न प्रशिक्षण पुस्तिका तयार गर्ने ।

- तीन महिनाभित्र सम्पन्न गर्ने गरी अभियानकै रूपमा अञ्चल, जिल्ला, निर्वाचन क्षेत्र, इलाका/नगर र शाखा तहसम्म महाधिवेशनले पारित गरेको राजनीतिक कार्यदिशाको आधारमा प्रशिक्षण सञ्चालन गर्ने ।

- दर्शनशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र लगायतका बिषयहरूमा बिषयगत आधारमा आधारभूत, प्राथमिक, माध्यमिक र उच्च तहको प्रशिक्षण कक्षा सञ्चालन गर्न पाठ्यक्रम र पाठ्य-सामग्री अद्यावधिक गर्ने । सन्दर्भ-सामग्रीको सूचीलाई थप व्यवस्थित गर्ने ।

- केन्द्रीय तहमा नियमित पार्टी स्कूल सञ्चालन गर्ने । त्यसका लागि आवश्यक कार्यकक्ष, प्रशिक्षक, प्रशिक्षार्थी,

पाठ्य-सामग्री, प्रशिक्षण प्रणालीलगायतका पूर्वाधार तयार गर्ने ।

- संविधानको सम्बन्धमा पार्टीका अवधारणाहरू तथा यससम्बन्धी विभिन्न पार्टीका मान्यताको बारेमा पार्टी कार्यकर्तालाई स्पष्ट पार्ने ।

**४) प्रचार तथा प्रकाशन**

- पार्टीको केन्द्रीय मुखपत्र 'नवयुग' तथा पार्टीको अङ्ग्रेजी पत्रिका 'New Era' को प्रकाशन नियमित र प्रभावकारी बनाउने । 'नवयुग'को सदस्यता न्यूनतम २५ हजार पुऱ्याउने र वितरण शाखा कमिटी तहसम्म बिस्तार गर्ने । कम्तिमा पनि हरेक कमिटीका पदाधिकारीहरूले नवयुगको अनिवार्य अध्ययन गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी ढङ्गले लागू गर्ने ।
- पार्टीको वेभसाइटलाई अद्यावधिक बनाउने । अनलाइन सञ्चालन गरी पार्टी गतिविधिहरू सार्वजनिक गर्ने ।
- नवौं राष्ट्रिय महाधिवेशनबाट पारित दस्ताबेजहरूको अङ्ग्रेजी संस्करण प्रकाशन गर्ने । दस्ताबेजहरूको सारांशलाई मुख्य-मुख्य मातृभाषामा प्रकाशन र वितरण गर्ने ।
- सार्वजनिक सञ्चार माध्यमहरू (पत्रिका, रेडियो, टिभी, अनलाइन आदि) सँग पार्टीको सम्बन्धलाई हार्दिक, जीवन्त र परस्पर सहयोगी तथा सद्भावयुक्त बनाउने ।



- दैनिक पत्रिका, रेडियो, टिभी, अनलाइनसमेतको नयाँ सञ्चार गृह स्थापनाका लागि पार्टी नजिकका व्यवसायिक साथीहरूलाई प्रोत्साहित गर्ने ।
- 'नवयुग' का विभिन्न विशेषाङ्कहरूमा प्रकाशित कमरेड पुष्पलाल, मदन भण्डारी र मनमोहन अधिकारीको जीवनीलाई सम्पादन गरी पुस्तकाकारमा प्रकाशन गर्ने । 'अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन', 'महिला' र 'युवा' विशेषाङ्कहरूलाई पुस्तकाकारमा प्रकाशन गर्ने ।

**५) संविधान निर्माण**

- संविधानसभाको दोश्रो निर्वाचनमा हाम्रो पार्टी दोश्रो ठूलो राजनीतिक दलको हैसियतमा उपस्थित भएको र गणितीय हिसाबले दोस्रो भए पनि संविधान निर्माणका लागि हाम्रो पार्टीले पहिलो र नेतृत्वदायी भूमिका खेल्नुपर्ने आवश्यकतालाई हृदयङ्गम गर्दै सिङ्गो पार्टी पङ्क्ति र विशेष गरी पार्टीको संसदीय दललाई यही भावनाका आधारमा परिचालित गर्ने । संविधानका विवादित विषयमा संस्थागत निर्णयको आधारमा सही निर्णयमा पुग्ने र संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने । यसका लागि संविधानसभामा रहेका सबै दलहरूलाई सहमतिमा ल्याउन अधिकतम प्रयत्न गर्ने । सहमति कायम हुन नसकेको अवस्थामा प्रक्रियाका माध्यमबाट भए पनि संविधान जारी गर्न निर्णायक भूमिका खेल्ने ।
- निर्धारित समयमा संविधान निर्माणका लागि जनमत निर्माण र आवश्यकताअनुसार जनपरिचालन गर्ने ।

६) **सामाजिक-आर्थिक रूपान्तरण र समृद्धिको योजना**

सरकारमा सहभागी हुनुका अलावा राज्य सञ्चालनको वैकल्पिक शक्ति पनि हुनुका नाताले पार्टीले समग्र सामाजिक-आर्थिक रूपान्तरणको ठोस कार्ययोजना अगाडि सार्नु आवश्यक भएको तथ्यलाई हृदयङ्गम गर्दै देहायका काम गर्ने :

- आगामी ८ बर्षभित्र मुलुकलाई विकासशील राष्ट्रको तहमा स्तरोन्नत गर्न र आगामी ३५ बर्षभित्र समुन्नत नेपाल निर्माण गर्न विभिन्न बिषयका विज्ञ, विशेषज्ञहरूको सहयोग लिएर व्यवस्थित प्रस्ताव तयार गर्ने ।

- सामाजिक-आर्थिक रूपान्तरणमा समग्र पार्टी शक्तिलाई परिचालित गर्ने महाधिवेशनको निर्णय कार्यान्वयन गर्नका लागि स्थानीय कमिटी तथा कार्यकर्तालाई नीतिगत मार्गदर्शन गर्न अवधारणा पत्र तयार गरी योजना-निर्देशनका रूपमा पठाउने ।

७) **जनसरोकारका बिषय तथा सामाजिक विकृतिका विरूद्धमा जनपरिचालन**

- 'जनतासँग एमाले' कार्यक्रम सञ्चालन गरी पार्टी र आम जनताको सम्बन्धलाई थप घनिष्ट र प्रभावकारी बनाउने । तराई-मधेस केन्द्रित विशेष अभियान सञ्चालन गर्ने ।
- भूमिहीन तथा सुकुम्बासीहरू, श्रमिक वर्ग, महिला, दलित लगायत जनताका विभिन्न तप्काका सरोकारका बिषयमा व्यापक जनपरिचालन गर्ने ।
- भ्रष्टाचार, महिलाविरूद्धको हिंसा, जातीय विभेद तथा छुवाछुत, सरकारी कार्यालयमा हुने अनियमितता तथा ढिलासुस्ती, अन्धविश्वास तथा रूढी, सामाजिक विद्वेष तथा बिखण्डनकारी सोचलगायत सामाजिक विकृतिहरूका विरूद्ध जनतालाई परिचालित गरी सशक्त अभियान सञ्चालन गर्ने ।



- महाधिवेशनबाट पारित सङ्गठनात्मक प्रस्तावमा उल्लेख गरिएअनुरूप पार्टी नेता/कार्यकर्ताहरूले गर्न हुने र गर्न नहुने बिषयमा आचार-संहिता तयार गरी पार्टीव्यापी छलफलमा लैजाने । प्राप्त सुझावका आधारमा राष्ट्रिय प्रतिनिधि परिषद् बैठकबाट पारित गरी लागू गर्ने ।
- सांस्कृतिक जागरण र रूपान्तरणका लागि समय-समयमा सांस्कृतिक अभियान सञ्चालन गर्ने ।

८) **स्थानीय निकाय निर्वाचनको तयारी**

- २०७२ सालभित्रमा स्थानीय निकाय निर्वाचन गर्न र उक्त निर्वाचनमा नेकपा (एमाले) लाई पहिलो शक्तिकोरूपमा स्थापित गर्न ठोस तयारी अगाडि बढाउने ।

- हालै घोषित नगरपालिकाहरूमा पार्टीको सङ्गठनात्मक संरचना व्यवस्थित गर्ने ।

९) **पुस्तकालय तथा अभिलेख व्यवस्थापन**

- केन्द्रका साथै अञ्चल र जिल्ला तहमा पुस्तकालय र अभिलेख प्रणाली व्यवस्थित गर्ने ।

- पार्टी इतिहासको अभिलेख तयार गर्ने र प्रकाशित गर्ने । यसका लागि 'नवयुग' मा प्रकाशित जिल्ला-जिल्लाको इतिहासलाई आधार बनाएर जिल्ला स्तरमा कार्यशाला आयोजना गर्ने र त्यहाँबाट सम्बन्धित जिल्लाको

इतिहासलाई अन्तिम र आधिकारिक रूप दिएर जिल्ला-जिल्लाको इतिहासलाई समेटी प्रकाशन गर्ने ।

- पाका, इतिहास बोकेका र आन्दोलनमा महत्वपूर्ण योगदान गर्नुभएका नेता/कार्यकर्ताहरूका अनुभवहरूलाई श्रव्यदृश्य माध्यममा अभिलिखित गर्न योजनाबद्ध काम अगाडि बढाउने । यस्तो काम जिल्ला-जिल्लामा पनि सञ्चालन गर्ने ।
- पार्टीको केन्द्रीय पुस्तकालयलाई स्रोत केन्द्र (Resource Centre) का रूपमा विकास गर्ने ।

**१०) सहकार्य तथा एकता**

- विभाजित कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउन विभिन्न कम्युनिष्ट तथा वामपन्थी पार्टीहरूसँग योजनाबद्ध छलफल र संवाद अगाडि बढाउने ।
- पार्टी प्रवेश र एकीकरणका लागि योजनाहरू बनाउने ।
- वाम-लोकतान्त्रिक शक्तिहरूसँगको सहकार्य र सम्बन्धलाई अझ सुदृढ गर्ने ।

**११) कार्यकर्ता संरक्षण कोषको स्थापना र सञ्चालन**

- कार्यकर्ता संरक्षणको लागि स्थापना गरिएको 'मदन-आश्रित कार्यकर्ता संरक्षण कोष' लाई व्यवस्थित गर्ने । यसको अक्षय कोषमा रकम बृद्धि गर्ने र व्यवस्थित सञ्चालन गर्ने ।

**१२) नीति अध्ययन प्रतिष्ठानको स्थापना**

- महाधिवेशनको निर्णयअनुरूप समाज विज्ञानका विभिन्न विधाहरूको अध्ययन अनुसन्धानका लागि स्वायत्त



प्रकृतिको एक नीति अध्ययन प्रतिष्ठानको स्थापना गर्ने । यसको माध्यमबाट प्राप्त हुने निष्कर्षका आधारमा पार्टीका सिद्धान्त, नीति र मान्यताहरूलाई संस्थागत रूपमा निरन्तर अद्यावधिक गर्ने ।

**१३) विदेश सम्बन्धमा विस्तार र सुदृढीकरण**

- पार्टीको विदेश सम्बन्धलाई अझ विस्तारित र सुदृढ गर्ने । छिमेकी मित्र राष्ट्रका अलावा एसिया र विश्वभरि पार्टी-पार्टी स्तरमा, जनस्तरमा तथा कुटनीतिक क्षेत्रमा समेत सम्बन्धलाई अझ सुमधुर र प्रभावकारी बनाउने ।

**१४) विविध**

- 'केन्द्रीय प्राकृतिक विपत्ति राहत कोष' लाई व्यवस्थित गरी प्राकृतिक विपत्तिमा परेका जनतालाई राहत उपलव्ध गराउने ।
- पार्टी स्थापना दिवस, पुष्पलाल स्मृति दिवस, मदन-आश्रित स्मृति दिवस, मनमोहन स्मृति दिवस, सहिद दिवस, मई दिवस, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलगायत महत्वपूर्ण दिवसहरूलाई रचनात्मक कार्यक्रमकासाथ आयोजना गर्ने ।

## ९. स्थानीय तहका कार्यक्रममा आतिथ्यता र सहभागितासम्बन्धी कार्यविधि र आचारसंहिता

स्थानीय पार्टी गतिविधिहरूमा केन्द्रीय स्तरबाट नेताहरूको उपस्थितिको अपेक्षा हुनु स्वाभाविकै हो । व्यवस्थित ढङ्गले केन्द्रीय नेताहरूको विन्यास गर्न सक्दा र पार्टीका आन्तरिक तथा सार्वजनिक कार्यक्रममा नेताहरूको सहभागिता हुँदा स्थानीय पार्टी कमिटीको उत्साह वृद्धि हुन्छ, पार्टी काममा अनुकूलता थपिन्छ र

सार्वजनिक रूपमा पनि पार्टीप्रतिको आकर्षण बढाउन सहयोग पुग्छ । त्यसैले स्थानीय पार्टी कमिटी र जनसङ्गठनहरूका तर्फबाट पार्टी केन्द्रीय कार्यालयमा आतिथ्यता र सहभागिताका लागि निमन्त्रणा र अनुरोधहरू निरन्तर रूपमा प्राप्त भइरहन्छन् । यस्ता कार्यक्रममा केन्द्र स्तरबाट अतिथिको सहभागिताका लागि कार्यविधि, सामान्य मापदण्ड र आचारसंहिता तय गरेर व्यवस्थित गर्नु आवश्यक छ । अन्यथा काममा समन्वयको अभाव हुने, स्थानीय पार्टी नेतृत्वको विकास र पहलकदमीमा समस्या उत्पन्न हुने, आतिथ्यताकै बिषयमा स्थानीय पार्टी कमिटी या जनसङ्गठनहरूमा समस्या सिर्जना हुने, कामको प्रकृति र आवश्यकता हेरी उपयुक्त व्यक्तित्वको विन्यास गर्न नसकिने र पार्टी केन्द्रलाई अनावश्यक आर्थिक भारसमेत पर्न जाने हुन्छ । यही कुरालाई ध्यानमा राखेर 'स्थानीय तहका कार्यक्रममा आतिथ्यता र सहभागितासम्बन्धी कार्यविधि र आचारसंहिता-२०७१' पारित गरिएको छ । सबै कमरेडहरूलाई गम्भीरतापूर्वक यसको अध्ययन गर्न र परिपालना गर्न निर्देश गरिन्छ । आचारसंहिता र कार्यविधिलाई ***परिशिष्ट ३*** मा सङ्लग्न गरिएको छ ।

**१०. पार्टी स्थापनाको ६६ औं बर्षगाँठ सम्बन्धमा**

आगामी अप्रिल २२, २०१५ ( ९ बैशाख २०७२) का दिन नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ६६ औं बर्ष पूरा हुनेछ । नेपाली कम्युनिष्ट आन्दोलनले विगतका साढे छ दशकमा राणाशाही, पञ्चायती तानाशाही र राजतन्त्रको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा अग्रणी भूमिका खेलेको छ र यस क्रममा पार्टी लोकतान्त्रिक आन्दोलनको वास्तविक नेताको रूपमा स्थापित भएको छ । यस अवधिमा पार्टीले सामाजिक मुक्ति, राष्ट्रिय स्वाधीनता र जनताको जीवनमा सकारात्मक परिवर्तनका



लागि बलिदानी सङ्घर्ष गर्दै आएको छ । नेपाली समाजमा आज जे-जस्ता सकारात्मक परिवर्तन भएका छन्, त्यसको मुख्य श्रेय नेपाली कम्युनिष्ट आन्दोलनलाई जान्छ । आज हाम्रो पार्टी कम्युनिष्ट आन्दोलनको मूल प्रवाहका रूपमा स्थापित भएको छ । नवौं राष्ट्रिय महाधिवेशनबाट हामीले 'शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिलाई संस्थागत गरौं, जबजको मार्गदर्शनमा समृद्ध नेपाल निर्माण गरौं !' भन्ने थिम तय गरेका छौं । संविधान निर्माण गर्दै आन्दोलन र क्रान्तिका उपलब्धि संस्थागत गर्ने, सामन्तवादका अवशेषहरूको उन्मूलन, सुदृढ राष्ट्रिय अर्थतन्त्रको निर्माण र श्रमशक्तिको विकास गर्दै समाजवादको आधारशीला निर्माण गर्ने र कम्युनिष्ट पार्टी स्थापनाको सय बर्ष पुग्ने अवधि (सन् २०४८) सम्म नेपाललाई समृद्ध, समुन्नत, न्यायपूर्ण र सबल राष्ट्रका रूपमा स्थापित गर्ने सङ्कल्प गरेका छौं । अधिकार प्राप्तिको आन्दोलनमा अग्रणी भूमिकामा रहेको हाम्रो पार्टी अब समृद्धि प्राप्तिको आन्दोलनको पनि अगुवाका रूपमा स्थापित हुनुपर्छ । पार्टी स्थापना दिवसको सन्दर्भमा सबै जिल्ला कमिटीहरूले उपरोक्त बिषयहरूमाथि आधारित रहेर बिचार गोष्ठी, सेमिनार र अन्य रचनात्मक कार्यक्रम गरेर भव्यरूपले मनाउन निर्देशित गरिन्छ ।

**११. कमरेड रामनाथ ढकालप्रति श्रद्धाञ्जली तथा शोकप्रस्ताव**

पार्टी पोलिटब्युरो सदस्य तथा लुम्बिनी अञ्चल इन्चार्ज कमरेड रामनाथ ढकालको २०७१ साल चैत २२ गते भएको असामयिक निधनबाट पार्टी मर्माहत, स्तव्ध र शोकाकूल भएको छ । स्थायी कमिटीको चैत २३ गते बसेको आकस्मिक बैठकले कमरेड रामनाथ ढकाल पार्टीका अत्यन्त जुझारु, गतिशील र क्षमतावान युवा नेताका रूपमा स्थापित र विद्यार्थी आन्दोलन, पार्टी सङ्गठन, लोकतान्त्रिक आन्दोलन र संसदीय जिम्मेवारीजस्ता कामका धेरै

क्षेत्रमा कुशल नेतृत्व दिन सफल हुनुभएको उच्च मूल्याङ्कन गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ र शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेको छ। अनेरास्ववियुका पूर्व अध्यक्ष एवं व्यवस्थापिका-संसद राज्य व्यवस्था समितिका पूर्व सभापतिसमेत रहनुभएका कमरेड ढकालको सम्मानमा तीन दिनसम्म पार्टी कार्यालयहरूमा पार्टी झण्डा आधा झुकाउने, शोक पुस्तिका राख्ने, औपचारिक कार्यक्रम आयोजना नगर्ने र २०७२ बैशाख ४ गते श्रद्धाञ्जली सभा आयोजना गर्न सबै जिल्ला कमिटीहरूलाई निर्देशित गर्ने निर्णय गरेको छ।

कमरेडहरू,

केही बिलम्ब गरेर भए पनि यसबीचमा हामीले पार्टी स्थायी कमिटी र पोलिटब्युरोको चयन, केन्द्रीय सदस्यहरूको मनोनयन, कार्यविभाजन, बार्षिक कार्ययोजना तर्जुमा र संविधान निर्माणका सम्बन्धमा महत्वपूर्ण निर्णयहरू गरेका छौं। यसबीच गरिएका निर्णयहरू व्यापक छलफल, सौहार्द्रपूर्ण वातावरण र उच्च कमरेडली भावनाका साथ गरिएका छन्। यी निर्णयहरूले पार्टीको आन्तरिक एकतालाई मात्रै सुदृढ गरेका छैनन्, आगामी निर्वाचनसम्म पार्टीलाई बहुमत प्राप्त पहिलो शक्तिका रूपमा स्थापित गर्ने र पार्टीको नेतृत्वमा समृद्ध नेपाल निर्माण गर्ने सङ्कल्प पूरा गर्ने पहिलो आधारशीलाका रूपमा समेत रहेका छन्। पार्टीको यो आन्तरिक एकता र संविधान निर्माणका सम्बन्धमा पार्टीले लिएको दृढ, सङ्गतिपूर्ण, एकमना र जनता एवम् राष्ट्रको दीर्घकालीन हितको अडानले पार्टीको प्रतिष्ठामा अभिवृद्धि भएको छ। यो प्रतिष्ठाले आम जनतालाई उत्साहित तुल्याएको छ भने पश्चगामी, मुलुकको हित नचाहने र सधैंभरि अस्थिरता, अराजकता र अन्योलको वातावरण निर्माण गरेर आफ्ना निहीत स्वार्थ पूरा गर्न



चाहने तत्वहरूलाई क्रुद्ध बनाएको छ। सबै कमरेडहरूलाई केन्द्रीय कमिटी र स्थायी कमिटीमा अभिव्यक्त एकता, जिम्मेवारीवोध र सौहार्द्रताको सन्देशलाई तलसम्म स्थापित गर्न र पार्टीलाई नवौं राष्ट्रिय महाधिवेशनबाट निर्दिष्ट राजनीतिक कार्यदिशा, त्यसबाट पारित विधान र त्यसले चयन गरेको नेतृत्वका आधारमा अझ सुदृढ, गतिशील र एकताबद्ध बनाउँदै अगाडि बढ्न निर्देशित गरिन्छ।



२६ चैत्र २०७१

**केपी शर्मा ओली**
**अध्यक्ष**

## परिशिष्ट १

### संविधान निर्माणका सम्बन्धमा जारी गरिएका वक्तव्यहरू

(१)

२६ पुस २०७१

### प्रेस वक्तव्य

सञ्चारकर्मी मित्रहरू,

संविधान निर्माणको पछिल्लो विकासक्रम सम्बन्धमा पार्टी दृष्टिकोण स्पष्ट पार्न र पार्टीका अडान एवम् नेतृत्वको भूमिकालाई लिएर उठाउन खोजिएका केही प्रश्नलाई प्रष्ट पार्न यो पत्रकार सम्मेलनको आयोजना गरिएको छ। हाम्रो निमन्त्रणालाई स्वीकार गर्दै उपस्थित हुनुभएका यहाँहरूलाई स्वागत गर्दै यस सम्बन्धमा पार्टी अवधारणा प्रस्तुत गर्न चाहन्छु।

१. २०७१ माघ ८ भित्र संविधान जारी गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने र मुलुकलाई राजनीतिक स्थायित्व, दिगो शान्ति र समृद्धिको दिशामा अगाडि बढाउने प्रतिबद्धता मुख्य दलहरूको साझा राजनीतिक प्रतिबद्धता हो। दोस्रो संविधानसभा निर्वाचनका बेला सबैजसो दलहरूबाट यस्तो प्रतिबद्धता घोषणापत्रमार्फत् सार्वजनिक गरिएको थियो। यसै पृष्ठभूमिमा संविधानसभाले नियमावली र कार्यतालिकामार्फत् यसलाई सर्वसम्मत रूपमा संस्थागत स्वरूप दिएको थियो। सार्वभौम जनता सामु लिखित र मौखिक रूपमा गरिएको यस प्रतिबद्धताको पालना गर्नु र संविधानसभाको कार्यतालिका अवलम्बन गर्नु हाम्रो कानुनी र नैतिक दायित्व समेत हो।



त्यसैले नेकपा (एमाले) माघ ८ गतेभित्रै संविधान जारी गरिनुपर्छ भन्ने मान्यतामा दृढ सङ्कल्पका साथ क्रियाशील छ। पार्टीको यो दृढ अडानलाई अपव्याख्या गर्दै 'नेकपा (एमाले) लाई सरकार परिवर्तनको हतारो भएकाले माघ ८ को अडान लिइरहेको छ', 'माघ ८ को आतङ्क सिर्जना गर्न खोजिएको छ' र निर्धारित मितिमा संविधान नआए पनि 'आकाश खस्दैन' भन्ने जस्ता टिप्पणी एवम् अभिव्यक्ति बिडम्बनापूर्ण मात्रै होइनन्, जनमतको अवमूल्यन, आफ्नै प्रतिबद्धताको उपहास र नेकपा (एमाले)को भूमिकाप्रति दुराग्रह उत्पन्न गर्ने खालका छन्।

२. संविधान निर्माणका लागि संभव हदसम्म सहमतिको प्रयाश गर्ने र त्यसो हुन नसके प्रक्रियाका माध्यमबाट भए पनि संविधान जारी गर्ने बिषय नेपालको अन्तरिम संविधान २०६३, संविधानसभा नियमावली २०७० र विश्वव्यापी रूपमा स्वीकृत लोकतान्त्रिक विधि अनुरूपको स्वाभाविक बिषय हो। संविधानसभामा दुई तिहाईको स्पष्ट आधार हुँदाहुँदै पनि नेकपा (एमाले) लगायत दलहरू आजसम्म पनि सहमतिका निम्ति निरन्तर प्रयत्नशील छन् र सहमतिको ढोका अझै पनि खुल्लै छ। तर दार्शनिक, राजनीतिक, कार्यक्रमिक र वर्गीय दृष्टिले भिन्नभिन्न मान्यतामा उभिएका सबै दलहरूबीच सबै बिषयमा पूर्ण सहमति संभव छैन। सहमति बिना संविधान निर्माण गर्नै पाइँदैन र प्रक्रियाबाट निर्माण भएको संविधान स्वीकार्न सकिँदैन भन्ने तर्क गर्नु अलोकतान्त्रिक हो। त्यतिमात्र नभएर, संविधान जारी गर्ने अन्तिम विकल्पको रूपमा अगाडि सारिएको प्रक्रिया र दुई तिहाई बहुमतको बिषयलाई लिएर सदनभित्रै 'रगतको खोलो बगाउने' धम्की दिने र 'अर्को युद्धका लागि तयार हुन' लल्कार्ने जस्ता बिषयहरू आपत्तिजनक मात्रै होइनन्, अस्वीकार्य समेत छन्।

३. नेकपा (एमाले) सहमतिकासाथ संविधान जारी होस् भन्ने सदाशयताकासाथ सहमतिको बिन्दु पहिल्याउन निरन्तर प्रयत्नशील रहिआएको छ। यसका लागि हामीले एमाओवादी नेतृत्वको मोर्चामा आबद्ध दलहरूसँग आफ्ना असङ्गत, त्रुटिपूर्ण र राष्ट्र तथा जनताका लागि दीर्घकालीन नोक्सानी पुग्ने मान्यतामाथि पुनर्विचार गर्न र सहमतिका साथ संविधान जारी गर्न आग्रह गरेका छौं। यसका लागि गतः कार्तिक १६ गते 'संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति' मा प्रस्तुत गरिएको अवधारणाका कतिपय बिषयमा लचिलो भएर छलफल गर्न तयार रहेको कुरा समेत बारम्बार सार्वजनिक गरेका छौं। त्यसो हुन नसके सङ्घीयताका नामाङ्कन, सीमाङ्कन र सङ्ख्या जस्ता केही विवादित बिषयहरूलाई पछि कायम रहने व्यवस्थापिका-संसदबाट टुङ्गो लगाउने गरी माघ ८ मै संविधान जारी गर्ने विकल्प पनि अगाडि सारिएको छ। त्यसो पनि हुन नसके कतिपय बिषयमा आफ्ना असहमति जाहेर गरेर भए पनि संविधान जारी गर्ने वातावरण निर्माण गर्न र आफ्ना असहमतिका बिषय जनतासमक्ष प्रस्तुत गर्ने विकल्प पनि सुझाएका छौं। पार्टीको यो लचकता र प्रस्तुत विकल्पहरूलाई वेवास्ता गर्दै नेकपा (एमाले) लाई सहमतिको बाधकका रूपमा प्रस्तुत गर्न खोज्नु राजनीतिक पूर्वाग्रह बाहेक अरू केही हुन सक्दैन।

४. एमाओवादी नेतृत्वको मोर्चाका तर्फबाट नेकपा (एमाले) माथि बारम्बार 'बहुमतको दम्भ' र 'सङ्ख्याको अहङ्कार' प्रदर्शन गरेको आरोप लगाइने गरिएको छ, आफूहरूलाई 'पेल्न खोजिएको' टिप्पणी गर्ने गरिएको छ। नेकपा (एमाले) लगायत दलसँग प्राप्त दुई तिहाई बहुमत आज निर्माण भएको होइन, संविधानसभा निर्वाचनको दौरान एक बर्ष अगाडि नै जनताबाट प्राप्त अभिमत हो। संविधान निर्माण गर्ने स्पष्ट आधार हुँदाहुँदै



पनि हामीले निरन्तर सहमतिको खोजी गरिरहेका छौं। संविधान तात्कालिक राजनीतिक सन्तुलनको दस्तावेज हो र यसमा सबै पक्षका सबै बिषयहरू प्रतिबिम्बित हुनु संभव पनि छैन। संभव भएसम्म सहमतिका लागि अधिकतम लचकताकासाथ पहल गर्ने र त्यसो हुन नसके संभव धेरैभन्दा धेरै दल, पक्ष र सभासद्हरूको विश्वास लिएर संविधान जारी गर्ने कुरा संसारभर प्रचलित संविधान निर्माणको लोकतान्त्रिक विधि हो। सङ्ख्यालाई मान्दै नमान्ने, विधि प्रक्रियालाई स्वीकार्दै नस्वीकार्ने र दुई तिहाईभन्दा बढी बहुमतबाट निर्माण हुने संविधानलाई पनि अस्वीकार गर्ने धम्की दिने कुरा किमार्थ लोकतान्त्रिक हुन सक्दैन।

५. नेकपा (एमाले) सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणको पक्षमा दृढ छ। यो लोकतन्त्र आइसकेपछि सत्ताको च्याखेदाउ राखेर गठन भएको पार्टी होइन, लोकतन्त्र स्थापनाका लागि निर्माण भएको पार्टी हो, राणाशाहीका विरूद्ध सङ्घर्षको युद्धघोषका साथ जन्मिएको र राणा, पञ्चायत तथा राजाको तानाशाहीविरूद्ध बलिदानी सङ्घर्ष गर्दै अगाडि बढेको पार्टी हो। लोकतान्त्रिक गणतन्त्रको औपचारिक निर्णय गर्ने पहिलो पार्टी र यसको प्राप्तिका लागि सर्वाधिक बलिदान गर्ने पार्टी हो। सङ्घीयताका सम्बन्धमा पार्टीका संस्थागत निर्णयहरू छन् र ती सही एवम् वैज्ञानिक छन्। पार्टी संविधान निर्माण गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न चाहन्छ। पार्टीका यी स्पष्ट निर्णय र मान्यतालाई उपेक्षा गरेर नेकपा (एमाले) लाई 'सङ्घीयता र परिवर्तनविरोधी' भनेर चित्रित गर्ने धृष्टता गर्नु राजनीतिक दुराग्रह बाहेक केही हुन सक्दैन।

६. सङ्घीयतामार्फत् हामी शासनसत्तामा जनताको सहभागिता विस्तार गर्न चाहन्छौं, केन्द्रमा सीमित सुविधा र अवसरलाई स्थानीय तहसम्मै विस्तार गर्न चाहन्छौं र समाजको विविधता,

बहुलता र पहिचानलाई राज्यसंरचनामा प्रतिबिम्बित गर्न चाहन्छौं । सङ्घीयताले राज्यलाई अझ सबल र सुदृढ गर्नुपर्छ, कमजोर र खण्डित होइन । सङ्घीयताले बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय, बहुधार्मिक र भौगोलिक विविधतायुक्त समाजमा सामाजिक सद्भाव, सहअस्तित्व र साझा राष्ट्रिय मनोविज्ञानलाई प्रबर्द्धन गर्नुपर्छ । सर्वोपरि रूपमा, यसले सबै जनतामा समान सम्मान, समान अवसर, बराबरी अधिकार र बराबरी सुरक्षाको प्रत्याभूति गर्दै समृद्धिको जनआकाङ्क्षालाई प्रत्याभूति गर्नुपर्छ । एघार बर्ष सशस्त्र द्वन्द्वमा र नौ बर्ष द्वन्द्वोत्तर व्यवस्थापनमा मूल्यवान समय गुमाइसकेको हाम्रो राष्ट्र आर्थिक हिसाबले धान्नै नसकिने धेरै संरचनाहरू निर्माण गरेर दशकौंसम्म राजनीतिक र भौतिक पूर्वाधार निर्माणमै अलमलिन सक्दैन । त्यसैले पार्टी सीमित र सामर्थ्यवान प्रदेश एवम् स्थानीय निकायहरू गठन गरेर राष्ट्रको सम्पूर्ण शक्ति सामाजिक-आर्थिक रूपान्तरणमा केन्द्रित गर्नुपर्छ भन्ने पक्षमा छ ।

७. आज सङ्घीयताका नाममा जुन ढङ्गले जातीय-क्षेत्रीय सङ्कीर्णता, सामाजिक विद्वेष र घृणाको विजारोपण गर्ने प्रयाश भइरहेको छ, त्यसमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । ऐतिहासिक विकासक्रममा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतासहितको राष्ट्रको रूपमा विकास भइसकेको नेपाललाई एक राष्ट्र होइन, 'बहुराष्ट्रिय राष्ट्र' का रूपमा चित्रित गर्न खोज्ने, 'दुई राष्ट्रियता'को तर्क गर्ने र प्रत्येक जातीय इकाइहरूलाई राष्ट्र या राष्ट्रियताको रूपमा व्याख्या गर्ने चिन्तन गलत छन् । त्यसरी नै, कहिल्यै कसैको उपनिवेश नबनेको राष्ट्रमा 'आन्तरिक औपनिवेशिकरण' र 'औपनिवेशिकताबाट मुक्ति' जस्ता तर्कहरू निराधार मात्रै होइन, नेपाली समाजमा हमेशा कायम रहँदै आएको सामाजिक



सद्भाव र राष्ट्रिय एकतालाई बिथोल्ने खालका छन् । यस्ता विखण्डनकारी र हानीकारक मान्यताको पार्टीले हमेशा प्रतिवाद गर्दै आएको छ । सहमतिका नाममा राष्ट्र र जनतालाई दीर्घकालीन नोक्सान पुऱ्याउने यस्ता बिषयमा पार्टीले कुनै सम्झौता गर्ने छैन भन्ने स्पष्ट पार्न चाहन्छौं ।

८. विगतमा तानाशाही शासकहरूले आफ्नो सर्वसत्तावादलाई संरक्षण गर्न सामाजिक-सांस्कृतिक एकरूपीकरणको नीति अगाडि बढाएका हुनाले समाजको विविधता र बहुलता राज्यका संरचनामा प्रतिबिम्बित हुन नपाएको कुरा यथार्थ हो । त्यसैले आज पहिचानको बिषय गम्भीर रूपमा उठेको छ र त्यसलाई हामी सकारात्मक रूपमा ग्रहण गर्छौं । २०६२/६३ को परिवर्तनसँगै पहिचानका प्रश्नलाई संवोधन गर्ने महत्वपूर्ण कदम चालिएका छन् । धर्मनिरपेक्षताको घोषणामार्फत् समाजको बहुधार्मिक पहिचानलाई स्थापित गरिएको छ । नेपालमा बोलिने सबै मातृभाषालाई 'राष्ट्र भाषा' को समान हैसियत प्रदान गरेर भाषिक पहिचानलाई संवोधन गरिएको छ । सबै जातजातिका सांस्कृतिक पर्वहरूलाई राष्ट्रिय मान्यता प्रदान गरिएको छ । त्यसरी नै, पछाडि परेका सामाजिक समूहहरूलाई राज्यका निकायहरूमा प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणाली र ऐनहरूमा पनि समयानुकूल सुधार गर्दै लगिएको छ । नेकपा (एमाले) सहितको पहल र अगुवाइमा यी कदम चालिएका छन् । तर पहिचान भनेकै जातीय पहिचान हो, प्रदेशहरूको सीमाङ्कन र नामाङ्कन जातीय आधारमा गरेमा मात्रै पहिचानलाई स्वीकार गरेको ठहरिन्छ र सङ्घीय इकाइहरूको निर्माणको आधार जातीय पहिचानमात्रै हुनसक्छ भन्ने आग्रहसँग सहमत हुन सकिंदैन । १२५ जात-जाति, १२३ भाषाभाषी भौगोलिक विविधता र मिश्रित बसोबास भएको मुलुकमा ७/८ वटा जातीय समूहको नाममा राज्य निर्माण गर्ने बिषयले पहिचान

भनेकै जातीय राज्य निर्माण हो भन्ने भ्रम सिर्जना गर्दै प्रत्येक जातीय समूहलाई अलग राज्य निर्माणका निम्ति उत्प्रेरित गर्छ, जुन अव्यवहारिक मात्रै होइन, नोक्सानदायी पनि हुनेछ। त्यसैले नेकपा (एमाले) ले प्रदेश निर्माणको आधार जातीय हुन नसक्ने र साझा पहिचानलाई आधार बनाइनु पर्ने कुरामा जोड दिएको हो। यस्तो अवधारणा कसरी पहिचान विरोधी हुन सक्छ ?

९. संविधानसभाबाट फेरि एकपल्ट संवाद समितिलाई सहमति जुटाउने अवसर प्रदान गरिएको छ।सहमतिको यो अन्तिम अवसरलाई हामी सदुपयोग गर्ने अधिकतम प्रयत्न गर्नेछौं। सहमति जुट्न नसकेको अवस्थामा संविधानसभाले पुस २९ गतेबाटै संविधान निर्माणको आवश्यक प्रक्रिया सुरू गर्नुपर्छ र अब कुनै पनि बहानामा थप अलमल गरिनुहुँदैन भन्ने नेकपा (एमाले)को स्पष्ट धारणा छ। दोस्रो संविधानसभालाई पनि पहिलो संविधानसभा जस्तै अकर्मण्य र असफलताको बिन्दुमा पुऱ्याउने, संविधान बन्न नदिने र मुलुकलाई अराजकता, अस्थिरता र अन्यौलमा धकेलेर प्रकारान्तरले असफलताको दिशातिर लैजाने षडयन्त्रलाई नेकपा (एमाले) ले कुनै पनि अर्थमा सफल हुन दिनेछैन भन्ने पनि यहाँ स्पष्ट पार्न चाहन्छौं।

अन्त्यमा, पार्टीका यी दृष्टिकोण, मान्यता र भूमिकालाई यही रूपमै जनतासमक्ष पुऱ्याइदिनु हुन आग्रह गर्दछौं।

**प्रदीप ज्ञवाली**
**सचिव**



(१)

६ माघ २०७१

# प्रेस वक्तव्य

२०७१ साल माघ ५ गते मध्यराति संविधानसभा बैठकमा एनेकपा (माओवादी) नेतृत्वको मोर्चाद्वारा भएको आक्रमण तथा तोडफोडपछि उत्पन्न जटिल परिस्थितिको मूल्याङ्कन गर्न र आवश्यक नीति तय गर्न नेकपा (एमाले) स्थायी कमिटीको आकस्मिक बैठक माघ ६ गते दिउँसो १२.३० बजे संविधानसभा भवन, नयाँ बानेश्वरमा बस्यो। अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न बैठकले देहायका प्रस्तावहरू पारित गरेको छ-

१. लामो समयदेखिको लगातार वार्ता, संवाद र प्रयाशपछि पनि संविधानका विवादित बिषयमा एमाओवादी र उसको नेतृत्वको मोर्चा सहमतिमा आउन नमानेपछि कार्यव्यवस्था परामर्श समितिको बैठकमा जानकारी गराएरै संविधानसभाका सम्माननीय अध्यक्ष सुवासचन्द्र नेम्बाङले विवादित बिषयमा प्रश्नावली निर्माण गर्न प्रस्ताव समिति गठन गर्ने प्रक्रिया प्रारम्भ गर्नुभएको थियो। तर प्रस्ताव प्रस्तुतिका लागि नेपाली काङ्ग्रेसका प्रमुख सचेतकको नाम आह्वान गर्नासाथ एनेकपा (माओवादी) का सभासदहरू सभाध्यक्षलाई लक्षित गर्दै आक्रमणमा उत्रिए। उनीहरूले पार्टी अध्यक्ष एवम् नेकपा (एमाले) संसदीय दलका नेता कमरेड केपी शर्मा ओलीलाई ताकेरै माइक प्रहार गरे, जसले उहाँको छातिमा चोट लागेको छ। त्यतिमात्र नभएर पार्टीका वरिष्ठ नेता कमरेड झलनाथ

खनाल, उपाध्यक्ष कमरेड विद्यादेवी भण्डारी, माननीय ऋषिकेश पोखरेल लगायत अन्य सभासद्हरूमाथि समेत आक्रमण गरियो। संविधानसभामा कार्यरत मर्यादापालकहरूमाथि साङ्घातिक ढङ्गले कुटपीट गरेर घाइते बनाउने काम भयो। बैठक स्थगित भइसकेपछि समेत अत्यन्त उद्दण्ड ढङ्गले संविधानसभा भवनका कुर्ची, डेस्क र माइकहरू ध्वस्त पारेर संविधानसभालाई युद्धभूमि जस्तो बनाइयो।

धेरै दिन अगाडिदेखि एमाओवादी नेताहरूले दिंदै आएको धम्की, फैलाइरहेको उत्तेजना र योजनाबद्ध गतिविधिको परिणामस्वरूप यो घटना घटेको छ। यो संविधान निर्माणको नेपाली जनताको दशकौं पुरानो चाहनामाथिको आक्रमण मात्रै होइन, जनताको अभिमतबाट निर्वाचित सार्वभौमसत्तासम्पन्न संविधानसभामाथिकै आक्रमण हो। यसले नवस्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र, लोकतान्त्रिक पद्धति र मानवीय मर्यादामाथि गम्भीर कुठाराघात गरेको छ। नेकपा (एमाले) स्थायी कमिटी एनेकपा (माओवादी) नेतृत्वको मोर्चाबाट संविधानसभाभित्र प्रदर्शित यो असभ्य, अराजक, घृणित र हिंस्रक घटनाको घोर निन्दा र भर्त्सना गर्दछ।

आक्रमणमा सङ्लग्न दोषीहरूलाई अविलम्ब कडा कार्बाही गर्न र संविधानसभामा भएको नोक्सानीको क्षतिपूर्ति सम्बन्धित व्यक्तिहरूबाट भराउन जोडदार माग गर्दछौं।

२. एमाओवादी नेतृत्वको मोर्चाको उद्दण्डता जारी नै छ। आज बिहान मात्रै संविधानसभा बैठकका लागि नयाँ बानेश्वर आउँदै गर्दा पार्टी उपाध्यक्ष कमरेड युवराज ज्ञवाली तथा अष्टलक्ष्मी शाक्य तथा केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड अमृतकुमार बोहरामाथि बिजुलीबजारमा फलामे छडले साङ्घातिक हमला गरिएको छ र उहाँहरू चढेको सशस्त्र



प्रहरीको गाडी तोडफोड गरिएको छ। आज दिउँसो २ बजे चारवटा मोटरसाइकलमा आएका नकाबधारीहरूले राजविराज-५, मदननगर स्थित नेकपा (एमाले) सप्तरी जिल्ला कार्यालयमा आगजनी गराई ध्वस्त पारेका छन्। बन्दका नाममा देशैभरि आगजनी, तोडफोड र अराजकताका घटना घटेका छन्। पार्टी स्थायी कमिटीको यो बैठक उक्त घटनाको निन्दा र भर्त्सना गर्दछ।

३. संविधानसभामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गर्न प्रतिबद्ध नेकपा (एमाले) लगायत शक्तिहरूको दुई तिहाई भन्दा बढी स्पष्ट सङ्ख्या हुँदाहुँदै पनि हामीलेसहमति निर्माण गर्न गएको एक बर्षदेखि गर्दै आएका प्रयाशहरू नेपाली जनताका सामु स्पष्ट छन्। संविधानसभा निर्वाचनमा नेकपा (एमाले) लगायत लोकतान्त्रिक दलहरूले अगाडि सारेका सङ्घीयता सम्बन्धी मान्यताहरूको पक्षमा स्पष्ट जनादेश प्राप्त हुँदाहुँदै पनि हामीले सहमतिबाट संविधान निर्माण गर्न निरन्तर संवादलाई जारी राख्यौं। यही सदाशयस्वरूप हामीले संवैधानिक राजनीतिक संवाद तथा संवाद समितिमा सहमति निर्माणका लागि पटक पटक समयावधि थप्न, संविधानसभाबाट बिषयलाई फेरि त्यही समितिमा फर्काउन तथा सहमतिका लागि उपयुक्त वातावरण निर्माण हुन्छ कि भन्ने अपेक्षाका साथ एनेकपा (माओवादी) अध्यक्षलाई राजनीतिक समितिको संयोजकत्व सुम्पन एवम् संविधान निर्माणसँग प्रत्यक्ष सम्बन्ध नराख्ने कतिपय बिषयलाई समेत बजेटमार्फत् संवोधन गर्न तयार भएका हौं। मुलुकको राष्ट्रिय अखण्डता, सामाजिक सद्भाव र दीर्घकालीन हितमा प्रतिकूल प्रभाव पार्ने बिषय बाहेक बाँकीमा लचिलो बन्न र गतः कार्तिक १६ गते संवाद समितिमा प्रस्तुत अवधारणामा समेत आवश्यक छलफल गर्न तयार रहेको कुरा

हामीले बारम्बार बताउँदै आएका हौं । हिजो ५ गते बिहानको बैठकमा समेत सहमति भएका बिषयलाई संवाद समिति हुँदै मस्यौदा समितिमा पठाउन र सङ्घीयताका बिषयमा छलफल जारी राख्न प्रस्ताव गर्दै हामीले एमाओवादी, मधेसी लगायत दलहरूलाई 'नेपाल बन्द' लगायतका कार्यक्रम फिर्ता लिन आग्रह गरेका थियौं । तर जति छलफल गरे पनि एमाओवादी र उसको नेतृत्वको मोर्चा जुनकुनै मूल्यमा माघ ८ को समयसीमालाई विफल पार्ने, संविधानसभालाई प्रक्रियामा प्रवेश गर्न नदिने, सङ्घीयतामा जाँदा जसरी पनि तराई-मधेसलाई पहाडबाट अलग गरेर मात्रै प्रदेश निर्माण गर्ने र पहिचानका नाममा जातीय राज्य निर्माण गर्ने अभीष्टबाट पछाडि हट्न तयार भएन । सहमति निर्माणमा व्यवधान खडा गर्न संविधानसभाभित्र मात्र होइन, संविधानसभा बाहिरका संविधानसभा विरोधी समूहहरूसँग समेत मोर्चाबन्दी गर्ने र 'नेपाल बन्द' का नाममा मुलुकलाई नै बन्धक बनाउने कामले एमाओवादी नेतृत्वको मोर्चा संविधानसभालाई असफल बनाउन उद्दत् छ भन्ने स्पष्ट देखाउँछ । यो मोर्चा प्रकारान्तरले मुलुकलाई नै असफल बनाउने षडयन्त्रको एउटा अङ्ग बन्न पुगेको हो कि भन्ने गम्भीर आशङ्का पैदा भएको छ ।

४. नेकपा (एमाले) संविधानसभाबाट संविधान निर्माणको मुख्य राष्ट्रिय अभिभारामा सम्पूर्ण रूपले समर्पित छ । हिजो रातिका जस्ता अराजक आक्रमणले पार्टीको यो एकनिष्ट सङ्कल्पलाई रत्तिभर बीचलित पार्न सक्दैनन् । पार्टी संविधानसभाका सम्माननीय अध्यक्षज्यूलाई संविधान निर्माणको विधिसम्मत् प्रक्रियालाई अविलम्ब अगाडि बढाउन आग्रह गर्दछ । संविधानसभाभित्र रहेका सबै दल र स्वतन्त्र सभासद्ज्यूहरूलाई इतिहासले हाम्रो काँधमा सुम्पेको यो अभिभारा पूरा गर्न अझ



एकताबद्ध र दृढतापूर्वक भएर अगाडि बढ्न आह्वान गर्दछ । अनि आम नेपाली जनतालाई निराश नहुन, संविधान जारी हुने कुरामा विश्वस्त हुन, सबै खाले अतिवादी अराजक क्रियाकलापलाई अस्वीकार गर्न र संविधान निर्माणका लागि शान्तिपूर्ण जनदबाबमा उत्रिन अपिल गर्दछ । जतिसुकै उत्तेजना फैलाउन र भीडन्त निम्त्याउने दुस्प्रयाश गरिए पनि पार्टी संयमतापूर्वक अगाडि बढ्नेछ र ध्वंश, अराजकता र गैरजिम्मेवार दिशामा अगाडि बढ्न खोजेका एमाओवादी लगायत दलहरूलाई आत्मघाती बाटोमा जानबाट रोक्ने प्रयाश जारी राख्नेछ भन्ने जानकारी समेत हामी आम जनतासमक्ष गर्न चाहन्छौं ।

**ईश्वर पोखरेल**
**महासचिव**

## परिशिष्ट २

# पार्टी विधानका सन्दर्भमा उत्पन्न विवाद समाधानबारे गठित कार्यदलको प्रतिवेदन

नेकपा (एमाले) को चौथो केन्द्रीय कमिटीको बैठकबाट पार्टी विधानका कतिपय प्रावधानका सन्दर्भमा उत्पन्न विवादको समाधानका लागि गठित कार्यदलको प्रतिवेदन यसप्रकार छ :

१. २०७१ साल असार १९ देखि साउन १ गतेसम्म सम्पन्न नेकपा (एमाले)को नवौं राष्ट्रिय महाधिवेशनबाट पारित पार्टी विधानलाई महाधिवेशनको निर्णयअनुरूप अन्तिम रूप दिनको लागि २०७१ साल साउन २ गते बसेको केन्द्रीय कमिटीको पहिलो बैठकबाट महासचिवको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन भएको थियो । कार्यदलको बैठकले २०७१ साल साउन २७ देखि ३१ गतेसम्म बसेको केन्द्रीय कमिटीको दोस्रो बैठकमा प्रतिवेदन पेश गरेको थियो । पेश गरिएको प्रतिवेदनका सम्बन्धमा साउन ३ गते जारी अन्तरपार्टी निर्देशन-२ मा "विधानका अन्य विषयहरूलाई अन्तिम रूप दिदै बैठकले धारा-३८ का सम्बन्धमा पार्टीका पदाधिकारी तथा वरिष्ठ नेताहरूसँग पार्टी अध्यक्षले परामर्श गरी सहमति कायम गर्ने र तत्पश्चात् विधान प्रकाशित गर्ने निर्णय गरेको छ। प्रकाशनसम्बन्धी जिम्मेवारी केन्द्रीय सचिवालयलाई दिइएको छ ।" भनिएको छ ।

२. २०७१ साल असोजमा बसेका सङ्गठनात्मक प्रस्ताव र विधान सम्पादन कार्यदलका बैठकहरूमा विधानका बारेमा छलफल भई सोही सालको असोजमा विधान प्रकाशनसम्बन्धी निर्णय भएको देखिन्छ। २०७१ साल असोजमा प्रकाशित विधानका कतिपय प्रावधानहरूका बारेमा विवाद र अस्पष्टता उत्पन्न भएकोले त्यसको निराकरण आवश्यक भयो। यही कुरालाई ध्यानमा राख्दै २०७१ साल मंसिर २५ गते पदाधिकारीहरूको बैठकमा भएको समझदारी अनुसार मंसिर २५ गते केन्द्रीय कमिटीको चौथो बैठकले पार्टी विधानका कतिपय प्रावधानका विषयमा उत्पन्न विवाद समाधानका लागि उपाध्यक्ष भीम रावल तथा महासचिव ईश्वर पोखेल रहनुभएको कार्यदल गठन गऱ्यो। कार्यदलले मंसीर २६ गते विहान नै पदाधिकारीहरूको बैठकमा आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुपर्ने केन्द्रीय कमिटीको बैठकको निर्देशन थियो ।

३. कार्यदलले उपलब्ध अत्यन्त छोटो समयमा नै नवौं राष्ट्रिय महाधिवेशनमा विधान प्रतिवेदनको प्रस्तुति, अध्यक्ष मण्डलको निर्णय पुस्तिका र महाधिवेशनको निर्णय पुस्तिका तथा प्रकाशित पार्टी विधानलगायतका सामग्रीको अध्ययन गर्नुपर्ने भयो। तर उपलब्ध छोटो समयमा यी सबै कुराहरूको गहन अध्ययन गरी समस्या समाधान सहितको प्रतिवेदन दिन सम्भव भएसम्मका सामग्रीहरूको अध्ययन गर्नुका साथै समस्याको स्वरूपलाई ध्यान दिई प्रतिवेदन तयार गरिएको छ। अतः पार्टी काममा समस्या हुने वा बाधा पर्ने प्रावधानहरूमध्ये तत्काल स्पष्ट पार्नुपर्ने वा सच्याउनु पर्ने, नियमावलीमा व्यवस्थित वा परिभाषित गर्नुपर्ने र पार्टीको विधान अधिवेशनबाट संशोधन र परिमार्जन गर्नुपर्ने गरी विधानबारे उत्पन्न समस्याहरूलाई चार किसिमले समाधान गर्न उपयुक्त हुने देखियो ।

४. स्थायी कमिटी र पोलिटव्यूरोको तुरून्तै निर्वाचन गर्नुपर्ने भएकोले यससम्बन्धी पार्टी विधानका प्रावधानहरूलाई स्पष्ट पार्नुपर्ने देखियो । त्यस्तै पार्टी विधानमा छपाईको त्रुटिका कारण देखिन गएका समस्याहरूलाई पनि तत्काल सच्याउनु पर्ने देखियो। यस्ता समस्याहरूलाई केन्द्रीय कमिटीले उपयुक्त निर्णय गरी अन्तरपार्टी निर्देशनमार्फत पार्टीमा जानकारी

गराउनु उचित हुन्छ । नियमावलीमा समावेश गर्नुपर्ने र विधान महाधिवेशनबाट संशोधन वा परिमार्जन गर्नुपर्ने विषयहरूका लागि थप गृहकार्य गरी प्रतिवेदन तयार गर्नुपर्छ ।

५. माथि बुँदा नम्बर ४ मा उल्लेखित नीतिअनुसार स्थायी कमिटी र पोलिटव्यूरोको गठन तत्काल गर्नुपर्ने र यसको सन्दर्भमा पार्टी विधानको धारा ३८ बारे बहस भएकोले यस धाराका सन्दर्भमा नवौं राष्ट्रिय महाधिवेशन र त्यसपछि विभिन्न चरणमा भएका निर्णयहरूको तथ्यपरक अध्ययन-विश्लेषण गरी निर्णयमा पुग्नुपर्ने भएको छ ।

५.१. नवौं राष्ट्रिय महाधिवेशनको तयारी अत्यन्त छोटो समयमा गर्नुपरेको, महाधिवशनको निर्णय नै हुन्छ या हुन्नको अवस्थामा भएको र पार्टी विधानका बारेमा व्यवस्थित तथा पर्याप्त छलफल हुननसकेको परिप्रेक्ष्यमा विधान संशोधन मस्यौदामा कमी-कमजोरी रहन गएका थिए । महाधिवेशनमा पनि पार्टी विधानभन्दा केन्द्रीय कमिटीको निर्वाचनमा प्रतिनिधिहरूको बढी ध्यान गएको अवस्था थियो । महाधिवेशनपछि लगत्तै महाधिवेशनमा भएको समूहगत प्रतिस्पर्धाको छाया कायम नै थियो । फलस्वरूप पार्टी विधानलाई जति गहन छलफल र सुबीचारित किसिमले महाधिवेशनको निर्णयअनुरूप सम्पादन गरी प्रकाशित गरिनुपर्थ्यो, त्यसमा कतिपय कमी रहनगएका छन् ।

५.२. नवौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत विधान संशोधनको प्रस्तावमा स्थायी कमिटी र पोलिटव्यूरोको सदस्यका लागि उम्मेदवारी दिन कुनै योग्यता निर्धारण गरिएको देखिएन । २०७१ साल असार २५ गते स्टेरिङ कमिटीले अध्यक्ष मण्डलसमक्ष पेश गरेको केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूसम्बन्धी प्रतिवेदनबारे उक्त



कमिटीको बैठक पुस्तिकामा उम्मेदवारहरूको योग्यताकोसम्बन्धमा कुनै कुरा उल्लेख गरिएको छैन । यद्यपि विधान मस्यौदा समितिका संयोजक तथा तत्कालिन सङ्गठन विभागका प्रमुख कमरेड युवराज ज्ञवालीले नवौं महाधिवेशनको बैठकमा पार्टी विधानको मस्यौदाका सम्बन्धमा गर्नुभएको प्रस्तुतिमा "केन्द्रीय कमिटीको पदाधिकारी तथा पोलिटव्यूरोको उम्मेदवार हुन कम्तिमा एक कार्यकाल केन्द्रीय कमिटीको पूर्ण सदस्य भएको हुनुपर्ने छ" भन्ने कुरा उल्लेख छ । यस्तो प्रस्तुतिपछि मञ्चमा रहनुभएका र बैठक कक्षमा रहनुभएका केन्द्रीय कमिटीका केही वैकल्पिक सदस्यहरूले अध्यक्ष मण्डलसमक्ष मौखिक र लिखित रूपमा असन्तुष्टि व्यक्त गरेका थिए ।

५.३. अध्यक्ष मण्डलको बैठक पुस्तिकामा असार २५ गतेको निर्णयमा 'विधान संशोधनसम्बन्धी प्रस्तावका सम्बन्धमा १९ वटै समूहबाट प्राप्त सुझावबारे स्टेरिङ कमिटीबाट तयार गरिएको प्रतिवेदनमा आधारित भई कमरेड युवराज ज्ञवालीबाट स्पष्टीकरण दिने र स्वीकार भएको बुँदा हलसमक्ष प्रस्तुत गर्ने निर्णय गरियो' भन्दै 'स्टेरिङ कमिटीबाट प्राप्त सुझावहरूलाई अधिकांश स्वीकार' गरिएको कुरा उल्लेख छ । सोही बैठकको निर्णयमा भनिएको छ, "नेकपा (एमाले) को केन्द्रीय पोलिटव्यूरोमा निर्वाचित हुन केन्द्रीय कमिटीमा एक कार्यकाल पूरा भएको हुनुपर्ने र पदाधिकारीमा निर्वाचित हुन केन्द्रीय कमिटीको पूर्ण सदस्य भई एक कार्यकाल पूरा गरेको हुनुपर्ने छ।"

**५.४.** महाधिवेशनको माइन्यूटमा पार्टी विधानका सम्बन्धमा गरिएको अभिलेखमा स्थायी कमिटी र पोलिटव्यूरोका

लागि उम्मेदवार हुने व्यक्तिको योग्यताबारे कुनै कुरा उल्लेख भएको छैन ।

**५.५.** बहस नोट कमिटीको अभिलेखमा 'केन्द्रीय कमिटी पदाधिकारी तथा पोलिटव्युरोमा कम्तिमा १ कार्यकाल पूरा गरेको हुनुपर्नेछ' भनी उल्लेख गरिएको छ

**५.६.** महाधिवेशनमा विधान मस्यौदा समितिका संयोजक कमरेड युवराज ज्ञवालीको प्रस्तुतिलाई श्रव्यदृश्य अभिलेखमा हेर्दा 'पदाधिकारीहरूका लागि र पोलिटव्यूरोको सदस्यको उम्मेदवार हुन एक कार्यकाल केन्द्रीय कमिटीको पूर्ण सदस्य हुनुपर्ने' कुरा उल्लेख छ । उहाँको प्रस्तुतिपछि महाधिवेशन बैठक कक्षमा विभिन्न प्रतिनिधिहरूले अगाडि आई आ-आफ्ना कुराहरू राखेको र केही समय बैठक अवरूद्धजस्तो भएको देखिन्छ ।

**५.७.** २०७१ साल असोज महिनामा प्रकाशित पार्टी विधानको धारा ३८ को (ख) मा स्थायी कमिटी र पोलिटव्यूरोका पदाधिकारी र सदस्यहरूको उम्मेदवार हुन यस्तो प्रावधान उल्लेखित छः

"केन्द्रीय पदाधिकारी तथा स्थायी कमिटी सदस्यका लागि उम्मेदवार हुन केन्दीय कमिटीको पूर्ण सदस्य भई एक कार्यकाल पूरा गरेको हुनुपर्नेछ। पोलिटव्यूरो सदस्यका लागि उम्मेदवार हुन केन्द्रीय कमिटीमा एक कार्यकाल पूरा गरेको  हुनुपर्नेछ ।"

## ६. निष्कर्ष र सुझाव

**६.१.** माथि प्रकरण १ देखि ५ सम्म उल्लेखित तथ्यहरूलाई केलाउँदा कार्यदल निम्नलिखित सुझाव प्रेषित गर्ने निष्कर्षमा पुगेको छः

**६.२.** पार्टी विधानले पार्टीको सङ्गठनात्मक जीवनलाई सुव्यवस्थित र निर्देशित गर्नुका साथै पार्टीका



क्रियाकलापहरूको नियमन गर्ने हुँदा विधानको संशोधन र परिमार्जन पर्याप्त समय दिएर गम्भीर रूपमा सहज वातावरणमा व्यापक छलफलबाट गरिनु उपयुक्त हुन्छ । यस्तो परिवेश र वातावरण नवौं राष्ट्रिय महाधिवेशनमा विधान संशोधनको सन्दर्भमा थिएन । अतः अब उप्रान्त विधानमा संशोधन र परिमार्जन गर्नुपर्ने विषयलाई विधान महाधिवेशनमा पर्याप्त समयका साथ गम्भीर रूपमा छलफल गरी टुंग्याउनु पर्छ ।

**६.३.** पार्टी विधानको सन्दर्भमा नवौं राष्ट्रिय महाधिवेशनमा र तत्पश्चात् भए गरेका कामहरू अलि हतारमा तथा मतभेदको वातावरणमा भएकाले कतिपय प्रावधानहरू असङ्गत र अनुपयुक्तसमेत हुनगएका छन् । यस्ता प्रावधानमध्ये पार्टीको सङ्गठनात्मक जीवनमा तत्काल अप्ठ्यारो पारिहाल्ने र भाषा सम्पादनको सामान्य विधिबाट नै सच्याउन मिल्ने वाक्यांश र शब्दहरूलाई केन्द्रीय कमिटीबाट सच्याई अपानिमार्फत् पार्टीमा जारी गर्नुपर्छ । यसरी सच्याउन नमिल्ने तर नियमावलीमा व्यवस्थित गर्न मिल्ने प्रावधानहरूलाई नियमावलीमा राख्नुपर्छ । नियमावलीमा पनि समेट्न नसकिने र विधान महाधिवेशनमा संशोधन र परिमार्जन गर्नुपर्ने प्रावधानहरूलाई सोहीअनुरूप गर्न विधान महाधिवेशन आगामी १८ महिनाभित्र गर्नुपर्छ ।

**६.४.** समयको चाप, समूहगत पदीय प्रतिस्पर्धा, समुचित व्यवस्थापनको अभाव र हतारोको परिस्थितिमा पार्टी विधानलाई महाधिवेशनबाट पारित गर्ने तथा महाधिवेशन पछि केन्द्रीय कमिटीबाट गठित कार्यदलले सम्पादन गरी प्रकाशन गर्नुपर्दा कतिपय अव्यवहारिक र अनुपयुक्त कुराहरूसमेत विधानमा रहनगएका छन् । यस्तो

स्थितिका कारण पार्टीभित्रै विधानका कतिपय प्रावधानको बारेमा विवादसमेत उत्पन्न भएको छ। यस्तो अवस्थालाई समाप्त गरी पार्टीको सङ्गठनात्मक जीवन, काम र प्रक्रियालाई स्वच्छ र सहज तुल्याउनको लागि पार्टी विधानमा स्थायी कमिटीका सदस्यको उम्मेदवार बन्नको लागि निर्धारित योग्यतालाई सोहीअनुरूप कायम राख्दै पोलिटव्यूरोका सदस्यको उम्मेदवार हुनको लागि अध्यक्ष मण्डलको निर्णय पुस्तिकामा लेखिएको एक कार्यकाल केन्द्रीय कमिटीको सदस्य भएको हुनुपर्ने भन्ने प्रावधानलाई नै आत्मसात् गर्दै सहमतिबाट पोलिटव्यूरोको निर्माण गर्नु उचित हुन्छ। यसो गरिएमा उत्पन्न मतभेदबाट पार्टी संचालनमा हुनसक्ने क्षतिबाट नेकपा (एमाले) जोगिनुका साथै विद्यमान राष्ट्रिय राजनीतिमा नेकपा (एमाले) एकताबद्ध भई सशक्त रूपमा अगाडि बढ्न सक्छ। अहिलेको चुनौतिपूर्ण राष्ट्रिय राजनीतिक वातावरणमा नेकपा (एमाले)ले पार्टीको आन्तरिक जीवनमा पदीय प्रतिस्पर्धामा गम्भीर किसिमको विवादबाट जोगिनु अत्यावश्यक छ। अतः महाधिवेशनमा अध्यक्ष मण्डलको निर्णय पुस्तिकामा उल्लेखित विधानसम्बन्धी निर्णयको सम्मान गर्दै व्यवहारमा विगतका समूहगत प्रतिस्पर्धाको स्थितिबाट बाहिर आएर सहमतिबाट स्थायी कमिटी र पोलिटव्यूरोको निर्माण गर्नुपर्छ। स्थायी कमिटी र पोलिटव्यूरोका सदस्यहरूको उम्मेदवारका लागि विधानमा उल्लेखित व्यवस्थाका साथै केन्द्रीय कमिटीबाट निम्नबमोजिमको मापदण्ड निर्धारण गर्नु उपयुक्त हुनेछः

- पार्टीमा निरन्तर काम गरेको समयावधि,



- अनुभव, क्रियाशीलता, दक्षता र योग्यता,
- अनुशासन पालना र देश तथा जनताको सेवामा प्रदर्शित समर्पण,
- विभिन्न समुदाय, वर्ग, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व, र

६.५. स्थायी कमिटी र पोलिटव्यूरोका सदस्यहरूको निर्वाचनका सम्बन्धमा निम्नलिखित बमोजिम गर्नेः

- हाल कायम केन्द्रीय कमिटीका कूल १६१ सदस्यहरू मध्ये ४४ जना वैकल्पिक सदस्यहरू रहनुभएकोमा पूर्ण सदस्य संख्याको एक तिहाई अर्थात् ३९ जना पोलिटव्यूरोका पूर्ण सदस्यहरू चयन गर्ने। यो संख्यामा पदाधिकारी १४, वरिष्ठ नेता १ र तेस्रो वरियतामा रहनुभएका नेताको संख्या घटाउँदा कायम हुनआउने २३ जनाको केन्द्रीय कमिटीबाट चयन गर्नसकिन्छ।
- पोलिटव्यूरोको वैकल्पिक सदस्य संख्या केन्द्रीय कमिटीको वैकल्पिक सदस्य संख्याको एक तिहाई हुनुपर्ने विधानको प्रावधानअनुसार एक तिहाई अर्थात् १५ जना हुने भएकोले सो संख्याअनुरूप पोलिटव्यूरोका १५ वैकल्पिक सदस्यहरूको चयन गर्नसकिन्छ।

६.५. काममा तत्काल समस्या पर्नसक्ने निम्नलिखित प्रावधानहरूलाई निम्न बमोजिम सच्याउने :

- अनुशासन आयोगबाहेक अन्य आयोगका सदस्यहरू जनसङ्गठनमा रहनसक्ने प्रावधान कायम राख्ने।

- उपत्यकामा रहेका जिल्ला कमिटी भन्नुपर्नेमा राजधानी जिल्ला कमिटी हुनगएकोलाई सच्याउने र पूर्ववत् व्यवस्था कायम राख्ने ।
- केन्द्रीय निकायमा सल्लाहकार परिषद्को नाम उल्लेख गर्ने ।

६.६. नियमावलीमा व्यवस्थित गर्नुपर्ने र विधान महाधिवेशनमा प्रस्तुत गरी संशोधन र परिमार्जन गर्नुपर्ने विषयको हकमा कार्यदलमा थप सदस्यहरू समावेश गरी निश्चित समय दिएर प्रतिवेदन तयार गरी केन्द्रीय कमिटीमा पेश गर्नु उपयुक्त हुन्छ ।

धन्यवाद ।

**प्रतिवेदक**

**भीम रावल- उपाध्यक्ष**

**ईश्वर पोखेल - महासचिव**

२६ मंसिर २०७१।८



## परिशिष्ट ३

**स्थानीय तहका कार्यक्रममा आतिथ्यता र सहभागितासम्बन्धी**
**कार्यविधि र आचारसंहिता**
२०७१

### १. कार्यविधि

**१.१ केन्द्रबाट निर्धारित कार्यक्रम सम्बन्धमा**

१.१.१. केन्द्रीय कमिटी/केन्द्रीय कार्यालयबाट तय गरिने राष्ट्रव्यापी कार्यक्रम, राष्ट्रिय स्तरका आयोजना वा विशेष समारोहमा सहभागिताका लागि अतिथि निर्धारण पार्टी केन्द्रको नीतिगत निर्णयका आधारमा केन्द्रीय सचिवालयबाट गरिनेछ ।

१.१.२ पार्टी अध्यक्षलाई प्राप्त निमन्त्रणामा कार्यक्रमको प्रकृति हेरी अध्यक्ष स्वयम् या उहाँले तोकेका कमरेडको सहभागिता रहनेछ ।

१.१.३. राजकीय जिम्मेवारीका हैसियतमा प्राप्त व्यक्तिगत निमन्त्रणामा सम्बन्धित कमरेडकै सहभागिता रहनेछ ।

**१.२. स्थानीय तहका कार्यक्रममा आतिथ्यता सम्बन्धमा**

१.२.१. जिल्ला मातहतका कार्यक्रमहरूमा सम्बन्धित अञ्चल इन्चार्ज रजिल्ला इन्चार्जकमरेडहरूको सहभागिता र आतिथ्यलाई प्राथमिकता दिनु पर्नेछ ।

१.२.२. सामान्यतया जिल्ला अधिवेशन, क्षेत्रीय अधिवेशनहरू र नगर अधिवेशनभन्दा तलका अधिवेशनहरूमा केन्द्रबाट अतिथि खटाइनेछैन ।

१.२.३. कार्यक्रममा अतिथिको माग गर्दा सम्बन्धित जिल्ला कमिटी र सम्बन्धित अञ्चलका इन्चार्ज कमरेडको समन्वयमा केन्द्रमा पत्राचारगनुपर्नेछ ।

१.२.४. कार्यक्रमको प्रकृति हेरी पार्टी केन्द्रीय सचिवालय/कार्यालयले अतिथि पठाउनेछ हुनेछ ।

१.२.५. आतिथ्यताको बारेमा निर्णय गर्दा अधिवेशन/सम्मेलनहरूमा पार्टी वरियता, पार्टी स्कूल/प्रशिक्षणमा प्रशिक्षकीय भूमिका र विकास निर्माणमा सार्वजनिक पद धारणा गरेका पदाधिकारीहरू प्राथमिकतामा पर्नुहुनेछ ।

१.२.६. पार्टी स्कूलबाहेक सामान्यतयाः एउटा कार्यक्रममा केन्द्रबाट एकजना भन्दा बढी अतिथि खटाइनेछ ।

**१.३ जनसङ्गठनका कार्यक्रमहरू सम्बन्धमा**

१.३.१. नेतृत्व विकासको आवश्यकतालाई ध्यानमा राखी जनसङ्गठनका स्थानीय कार्यक्रमहरूमासम्बन्धित जनसङ्गठनका नेता/पदाधिकारीहरूलाई नै प्राथमिकता दिनुपर्नेछ ।

१.३.२. पार्टी केन्द्रबाट अतिथि पठाउनुपर्ने विशेष स्थिति भएमा सम्बन्धित जनसङ्गठनका इन्चार्ज र प्रमुखले समन्वय गरी माग गर्नुपर्नेछ। जनसङ्गठनका स्थानीय कार्यक्रममा सहभागी हुने अतिथिले स्थानीय पार्टी कमिटीसँग अनिवार्य समन्वय गर्नुपर्नेछ ।



१.४. पार्टीको तर्फबाट सार्वजनिक जिम्मेवारी बहन गर्ने कमरेडहरू सहभागी कार्यक्रमबारे

१.४.१. पार्टीको तर्फबाट सरकारमा प्रतिनिधित्व गर्नुहुने प्रधानमन्त्री, मन्त्री सभासद लगायतले स्थानीय स्तरका पार्टी कार्यक्रम या सार्वजनिक समारोहमा सहभागी हुँदा स्थानीय पार्टी कमिटीलाई पूर्व जानकारी दिनुपर्नेछ ।

१.४.२ सार्वजनिक कार्यक्रममा सहभागी हुँदा स्थानीय पार्टी काममा सहयोग पुग्ने र स्थानीय पार्टी नेतृत्वको प्रतिष्ठा बढाउने गरी समन्वय गर्नुपर्नेछ ।

**१.५ प्रवासको कार्यक्रममा सहभागिताका सम्बन्धमा**

१.५.१ प्रवासी नेपाली मञ्च, प्रवासी नेपाली सङ्घ या पार्टी निकट सङ्गठनहरूले प्रवासमा आयोजना गरेका कार्यक्रममा स्वदेशबाट अतिथिको माग गर्दा सम्बन्धित इन्चार्जमार्फत् पार्टी केन्द्रमा पत्राचार गर्नुपर्नेछ ।

१.५.२. पार्टी केन्द्रीय सचिवालय/ कार्यालयले त्यस्ता कार्यक्रममा अतिथि तय गर्दा प्रवास इन्चार्ज कमरेडको समन्वय अनिवार्य हुनेछ ।

१.५.३. यसरी निर्णय गर्दा कार्यक्रमको प्रकृति हेरी उपयुक्त अतिथि खटाइनेछ ।

**१.६ केन्द्रीय सचिवालय/कार्यालयसँग समन्वय**

१.६.१ सार्वजनिक प्रतिष्ठा र सार्वजनिक जिम्मेवारीका हिसाबले नेता कमरेडहरूलाई विभिन्न सङ्घसंस्था र समुदायबाट व्यक्तिगत निमन्त्रणा प्राप्त भइरहेका हुन्छन् ।त्यस्ता कार्यक्रममा सहभागिताले पार्टीको

छविलाई माथि उठाउन र पार्टीसँग आम जनसमुदायको सम्पर्क विस्तार गर्न भूमिका खेलिरहेका हुन्छन् ।त्यस्ता कार्यक्रममा सहभागी हुने कमरेडले कमरेडहरूले पार्टी कार्यालयलाई जानकारी/सूचना दिनु पर्नेछ ।

६.१.२ धार्मिक /सांस्कृतिक कार्यक्रमहरू, व्यक्तिगत निमन्त्रणा या यस्तै कार्यक्रममा सहभागिता हुँदा सम्बन्धित कमरेडको उपस्थितिले पार्टीको सार्वजनिक छवि, नीतिगत मान्यता या अन्य बिषयमा विवाद सिर्जना हुने या सार्वजनिक रूपमा प्रश्न उठ्ने स्थिति सिर्जना नहोस् भन्ने कुरामा सबै कमरेडले ध्यान दिनु पर्नेछ ।

**१.६ केन्द्रीय विभाग र फाटका कार्यक्रम सम्बन्धमा**

१.६.१ केन्द्रीय विभाग र फाँटहरूले कुनै पनि राष्ट्रव्यापी अभियान र राष्ट्रिय स्तरका कार्यक्रम आयोजना गर्दा त्यसका नीतिगत बिषय र सहभागिताका बारेमा केन्द्रीय सचिवालयसँग समन्वय गर्नुपर्नेछ ।

१.६.२ त्यस्ता कार्यक्रममा पार्टी केन्द्रबाट अतिथिहरू सहभागी बनाउन आवश्यक भएमा विभागीय प्रमुख र फाँटका इन्चार्ज कमरेडले केन्द्रीय सचिवालय/कार्यालयमा आग्रह गर्नुपर्नेछ ।

**१.७ आर्थिक व्यवस्थापन**

१.७.१ पार्टी केन्द्रद्वारा आयोजित राष्ट्रव्यापी अभियान या राष्ट्रिय स्तरका कार्यक्रममा अतिथि खटाउँदा आर्थिक व्यवस्थापनको जिम्मा पार्टी केन्द्रकै हुनेछ ।

१.७.२ केन्द्रको योजनामा स्थानीय तहको कार्यक्रममा सहभागी हुने कमरेडहरूको एकतर्फी हवाई या गाडी भाडा केन्द्रले व्यवस्थापन गर्नेछ। बाँकी आर्थिक व्यवस्थापन आयोजकहरूले गर्नुपर्नेछ ।



१.७.३ स्थानीय तहबाट आयोजना गरिएका कार्यक्रमहरूमा सहभागी हुने अतिथिहरूको आवत-जावत र बसोबासको खर्च व्यवस्थापन आयोजक कमिटी/सङ्गठनले गर्नुपर्नेछ ।

**२. आचारसंहिता**

२.१ केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्य कमरेडहरूले आफ्नो परिभाषित कार्यक्षेत्रबाहिरको कार्यकममा सहभागी हुँदा वा कार्यक्षेत्र बाहिर जाँदा केन्द्रीय सचिवालय/कार्यालयलाई सूचित गर्नुपर्नेछ ।

२.२ पार्टी केन्द्रले आयोजना गर्ने राष्ट्रिय स्तरका या राष्ट्रव्यापी कार्यक्रममा आफूलाई तोकिएको स्थानमा सहभागी हुनु हरेकको कर्तव्य हुनेछ ।

२.३ कुनै पनि स्थानीय कमिटी, विभाग वा जनसङ्गठनबाट निश्चित कमरेडलाई तोकेर निमन्त्रणा गरिनेछैन ।

२.४ केन्द्रबाट खटिई जाने अतिथिहरू स्थानीय कमिटी या जनसङ्गठनका अधिवेशनहरूलाई प्रभावित गर्ने गरी अध्यक्ष मण्डल, निर्वाचन समिति या अन्य यस्तै संरचनामा रहनेछैनन्। यसको जिम्मा सम्बन्धित कार्यक्षेत्रका जिम्मेवार कमरेडहरूको हुनेछ। अतिथिको भूमिका अधिवेशनलाई स्वस्थ, मर्यादित र निष्पक्ष बनाउन सघाउने हुनेछ ।

२.५ सामान्यतयाः स्थानीय स्तरका कार्यक्रममा एकभन्दा बढी केन्द्रीय पदाधिकारी या अतिथिहरू सहभागी हुनेछैनन् ।

विश्वका श्रमिक एक होऔं !

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)

# अन्तरपार्टी निर्देशन - ३

**प्रकाशक**
केन्द्रीय सचिवालय
नेकपा (एमाले)
मदननगर, काठमाडौं